# परिच्छेद - १

# लोक सेवा आयोगको परिचय तथा काम, कर्तव्य र अधिकार एवम् गतिविधि

## १. लोक सेवा आयोगको परिचय :

बि.सं. २००७ सालमा हाम्रो देशमा प्रजातन्त्रको स्थापना पछि कर्मचारी प्रशासनका विभिन्न पक्षहरु मध्ये भर्ना, छनौट, पदोन्नति र विभागीय सजाय लगायतका विषयहरुमा आवश्यक काम कारबाही गर्ने एवम् सरकारलाई परामर्श दिने कार्यका लागि संविधानमा नै व्यवस्था गरी गठन गरिएको लोक सेवा आयोगले यसै वर्ष आफ्नो स्थापनाको ५७ औं स्थापना दिवस मनाएको छ। आयोगले आ.व. २०६३/६४ मा सम्पादन गरेको कार्यहरु र अन्य प्रासंगिक विषयहरु समावेश गरी नेपालको अन्तरिम संविधान, २०६३ बाट निर्धारित आयोगले पूरा गर्नु पर्ने दायित्वको परिपूर्तिको लागि प्रस्तुत प्रतिवेदन तयार गरेको छ।

## १.१. लोक सेवा आयोगको गठन :

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १३ धारा १२५ (१) अनुसार नेपालमा एक लोक सेवा आयोग हुने जसमा अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहने व्यवस्था भए अनुसार लोक सेवा आयोगको वर्तमान संरचना निम्नानुसार रहेको छ :

| क्र.सं. | पद | नाम, थर | नियुक्ति मिति |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री तीर्थमान शाक्य | २०६१।९।२६ |
| २. | सदस्य | श्रीमती उर्मिला श्रेष्ठ | २०५९।१।५ |
| ३. | सदस्य | डा. भीमदेव भट्ट | २०५९।१।५ |
| ४. | सदस्य | डा. गणेशमान गुरुङ्ग | २०५९।१।५ |
| ५. | सदस्य | डा. श्रीकृष्ण यादव | २०५९।१।५ |
| ६. | सदस्य | श्रीमती विजया के.सी.* | २०६१।९।२६ |

*मिति २०६४/१/१० देखि उमेरको हदको कारणबाट अनिवार्य अवकाश)

लोक सेवा आयोगका हालसम्मका अध्यक्ष तथा सदस्यहरुको नाम र कार्यरत अवधि अनुसूची १ मा प्रस्तुत गरिएको छ।

## १.२. लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारः

लोक सेवा आयोगको काम कर्तव्य र अधिकार मुलुकको संविधानबाटै निर्दिष्ट गरिएको छ। संविधान बाहेक समय समयमा बनेका विभिन्न ऐन, नियम, निर्देशिका आदिबाट समेत आयोगलाई अतिरिक्त जिम्मेवारी प्रदान गरिएको छ। त्यस्ता ऐन, नियम, निर्देशिकाहरुमा मुख्यतः स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, सशस्त्र प्रहरी ऐन, नेपाल प्रहरी ऐन, सैनिक ऐन, विश्व विद्यालयहरु सम्बन्धी ऐनहरु पर्दछन्। नेपालको अन्तरिम संविधान २०६३ को धारा १२६ अनुसार लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार देहायानुसार तोकिएको छ :

(१) निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ।

स्पष्टीकरण: यस धाराको प्रयोजनको लागि सैनिक अधिकृत वा जवान र सशस्त्र प्रहरी वा प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पद बाहेक नेपाल सरकारका अरु सबै सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ ।

(२) निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

(३) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछः-

(क) निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,

(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा १४४ बमोजिम न्याय सेवा आयोगको अधिकारक्षेत्र भित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।

(५) सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(६) कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसंग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोक सेवा आयोगले परामर्श दिन सक्नेछ ।

स्पष्टीकरण: यस धाराको प्रयोजनका लागि “सार्वजनिक संस्था” भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थालाई जनाउनेछ ।

(७) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।

(८) यस संविधानको अधीनमा रही लोक सेवा आयोगको अन्य काम, कर्तव्य र कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

## १.३. अध्यक्ष तथा सदस्यहरुको कार्य विभाजन

आयोगको काम कारबाहीलाई सुचारु एवम् सुव्यवस्थित गर्न तथा विभिन्न संघ, संस्था, समिति र आयोगमा लोक सेवा आयोगको प्रतिनिधित्व गर्न बहालमा रहेका अध्यक्ष तथा सदस्यहरुको कार्य विभाजन देहायानुसार छ ।

## तालिका नं. - १

## अध्यक्ष तथा सदस्यहरुको कार्य विभाजन

| क्र. सं. | पद | नाम, थर | आयोगको शाखा/महाशाखा/इकाई | भाग लिएको संस्था, समिति, आयोग |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री तीर्थमान शाक्य | ➢ परीक्षा एवं सिफारिश महाशाखा<br>➢ प्रश्नपत्र परिमार्जन इकाई<br>➢ नीति नियम शाखा | ➢ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान<br>➢ न्याय सेवा आयोग |
| २. | सदस्य | श्रीमती उर्मिला श्रेष्ठ | ➢ प्रशासन तथा निरीक्षण शाखा | ➢ सशस्त्र प्रहरी सेवा आयोग<br>➢ प्रहरी प्रधान कार्यालय |
| ३. | सदस्य | डा. भीमदेव भट्ट | ➢ पाठ्यक्रम तथा मूल्यांकन शाखा | ➢ त्रिभुवन विश्वविद्यालय सेवा आयोग<br>➢ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान<br>➢ सामान्य प्रशासन मन्त्रालय बढुवा समिति |
| ४. | सदस्य | डा. गणेशमान गुरुङ्ग | ➢ उजुरी तथा विभागीय सजाय परामर्श शाखा | ➢ स्वास्थ्य सेवा ऐन अनुसार बढुवा समिति<br>➢ सामान्य प्रसाशन मन्त्रालय बढुवा समिति<br>➢ पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोग |
| ५. | सदस्य | डा. श्रीकृष्ण यादव | ➢ तथ्यांक तथा प्रकाशन शाखा | ➢ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सभा<br>➢ पोखरा विश्वविद्यालय सेवा आयोग<br>➢ महालेखा परीक्षकको कार्यालयको बढुवा समिति |
| ६. | सदस्य | श्रीमती विजया के. सी.* | ➢ परीक्षण प्रविधि तथा अनुसन्धान शाखा | ➢ स्वास्थ्य सेवा ऐन अनुसारको बढुवा समिति,<br>➢ नेपाल प्रज्ञा प्रतिष्ठान |

*(मिति २०६४/१/१० देखि उमेरको हदको कारणबाट अनिवार्य अवकाश)

आयोगका पदाधिकारीहरुको लागि २०६४/५/२४ मा भएको संशोधित कार्य विभाजन देहायानुसार छ :

## तालिका नं. - २

## आयोगका अध्यक्ष तथा सदस्यहरुको हालको कार्य विभाजन

| क्र. सं. | पद | नाम, थर | आयोगको शाखा/महाशाखा/इकाई | भाग लिएको संस्था, समिति, आयोग |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री तीर्थमान शाक्य | ➢ नीति नियम शाखा | ➢ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान<br>➢ न्याय सेवा आयोग |
| २. | सदस्य | श्रीमती उर्मिला श्रेष्ठ | ➢ प्रशासन तथा निरीक्षण शाखा<br>➢ अन्तर्वार्ता तथा सिफारिश शाखा<br>(अन्तर्वार्ता समितिको गठन गर्ने बाहेक) | ➢ सशस्त्र प्रहरी सेवा आयोग<br>➢ सामान्य प्रशासन मन्त्रालय बढुवा समिति<br>(नि.से.ऐन,२०४९ को दफा २० को उपदफा (१)<br>➢ नेपाली सेनाको पदपूर्ति समिति<br>(सैनिक ऐन, २०६३ बमोजिम) |
| ३. | सदस्य | डा. भीमदेव भट्ट | ➢ पाठ्यक्रम तथा मूल्यांकन शाखा<br>➢ परीक्षण प्रविधि तथा अनुसन्धान<br>➢ प्रश्नपत्र परिमार्जन इकाई | ➢ त्रिभुवन विश्वविद्यालय सेवा आयोग,<br>➢ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान<br>➢ सामान्य प्रशासन मन्त्रालय बढुवा समिति<br>(नि.से.ऐन,२०४९ को दफा २० को उपदफा १ (क)<br>➢ संसद सचिवालय बढुवा समिति<br>(संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा २४ (१) र नियमावली २०५९ को नियम ५८ अनुसार) |

| क्र. सं. | पद | नाम, थर | आयोगको शाखा/महाशाखा/इकाई | भाग लिएको संस्था, समिति, आयोग |
|---|---|---|---|---|
| ४. | सदस्य | डा. गणेशमान गुरुङ्ग | ➢ उजुरी तथा विभागीय सजाय परामर्श शाखा<br>➢ लिखित परीक्षा नतिजा शाखा | ➢ स्वास्थ्य मन्त्रालय बढुवा समिति<br>➢ प्रहरी प्रधान कार्यालय (प्रहरी निरीक्षक)<br>➢ नेपाल परराष्ट्र सेवा बढुवा समिति (निजामती सेवा ऐन, २०४९ को दफा २० को उपदफा (१ क)<br>➢ पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोग<br>➢ नेपाल प्रज्ञा प्रतिष्ठान |
| ५. | सदस्य | डा. श्रीकृष्ण यादव | ➢ तथ्यांक तथा प्रकाशन शाखा<br>➢ परीक्षा संचालन शाखा | ➢ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सभा<br>➢ पोखरा विश्वविद्यालय सेवा आयोग<br>➢ महालेखा परीक्षकको कार्यालयको बढुवा समिति<br>➢ संसद सचिवालय बढुवा समिति (रा.प.अनं.)<br>➢ सामान्य प्रशासन मन्त्रालय बढुवा समिति (नि. से. ऐन, २०४९ को दफा २० को उपदफा १)<br>➢ स्वास्थ्य मन्त्रालय बढुवा समिति<br>➢ कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय बढुवा समिति (नि. से. ऐन, २०४९ को दफा २० को उपदफा (१ क) |

## १.४. आयोगले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा अपनाउने आधारहरु :

आयोगको नियमित तथा दैनिक काम कारबाहीहरु सम्पादन गर्ने सिलसिलामा मूलरुपमा देहायका ऐन कानूनहरुलाई मुख्य आधार मानी कार्य सम्पादन गर्ने गरिएको छः

- ☞ नेपालको अन्तरिम संविधान, २०६३
- ☞ लोक सेवा आयोग कार्यविधि ऐन र नियमावली
- ☞ विभिन्न सेवा/समूह सञ्चालन गर्ने प्रचलित ऐन र नियमावलीहरु
- ☞ परीक्षा पद्धति सम्बन्धी निर्देशिका, २०५९
- ☞ निरीक्षण निर्देशिका, २०५१
- ☞ पारिश्रमिक दररेट सम्बन्धी निर्देशिका
- ☞ लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु
- ☞ लोक सेवा आयोगबाट विगतमा भएका निर्णयहरु
- ☞ अन्य प्रचलित ऐन, नियम, निर्देशिकाहरु

## १.५. वार्षिक प्रतिवेदन :

नेपालको अन्तरिम संविधानको धारा १२७ (१) अनुसार लोक सेवा आयोगले प्रत्येक वर्ष सम्पादन गरेको कामको प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गर्ने र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद् समक्ष पेश गर्ने व्यवस्था गरिएको छ। धारा १२७ (२) उपधारा (१) अनुसार पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त निम्न विवरणहरु समावेश हुनु पर्ने व्यवस्था गरिएको छः

क) वर्ष भरीमा उम्मेदवार छनौट गर्न लिएको परीक्षाको विवरण,
ख) सो परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी विवरण,
ग) विभिन्न निकायलाई परामर्श दिएको विवरण,
घ) निजामती कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्शको विवरण
ङ) परामर्श बमोजिमको काम भए नभएको विवरण,
च) कुनै सरकारी सेवाको पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको बारेमा परामर्श दिएको भए सोको विवरण र

छ)   भविष्यमा निजामती सेवाको सुधारको विवरण ।

## १.६. आ. व. २०६३/६४ मा लोक सेवा आयोगबाट भएका गतिविधिहरु :

लोक सेवा आयोगबाट आ.व. २०६३/६४ मा सम्पादन गरिएका प्रमुख कार्यहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १.६.१. आयोगको बैठक संख्या र दिन :

आ.व. २०६३/६४ मा जम्मा ९५ दिन आयोगको बैठक बसी विभिन्न ३४० विषयहरुमा निर्णयहरु गरिएको थियो । गत आर्थिक वर्ष २०६२/६३ मा जम्मा ८९ दिन आयोगको बैठक बसी ४३० विभिन्न विषयहरुमा निर्णय भएको थियो ।

**तालिका नं. – ३**

**आयोगको बैठक संख्या र दिन**

| सि.नं. | आर्थिक वर्ष | |
|---|---|---|
| | २०६३/६४ | २०६२/६३ |
| बैठक दिन | ९५ | ८९ |
| निर्णय संख्या | ३४० | ४३० |

**चित्र नं. - १**




### १.६.२ आयोगका निर्णयहरु :

आ.व. २०६३/६४ मा आयोगको बैठकबाट विभिन्न विषयमा ३४० वटा निर्णय भयो । आ.व. २०६२/६३ र आ.व. २०६३/६४ मा आयोगबाट भएका निर्णयहरुको विषयगत विभाजन सहितको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. -४**

**आयोगबाट भएका निर्णयहरु**

| सि. नं. | निर्णयका विषयहरु | आ.व. २०६३/६४ को निर्णय | | आ.व. २०६२/६३ को निर्णय | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विभागीय सजाय परामर्श | १६६ | ४८.८ | २९४ | ६८.४ |
| २ | बढुवा सम्वन्धी | ५४ | १५.९ | २८ | ६.५ |
| ३ | नीति नियम सम्वन्धी | ४५ | १३.२ | ३० | ६.९ |
| ४ | परीक्षा र सिफारिश | ४६ | १३.६ | ५६ | १३ |
| ५ | विविध | २९ | ८.५ | २२ | ५.२ |
| | जम्मा | ३४० | १०० | ४३० | १०० |

**चित्र नं. - २**




शाखागत रुपमा कारबाही प्रारम्भ भई आयोगबाट निणर्य भएको आधारमा आयोगबाट भएका निर्णयहरुको वर्गिकरण देहायानुसार देखिन्छ ।

**तालिका नं. - ५**

आयोगबाट भएका निर्णयका विषयहरु (शाखागत)

| शाखा | निर्णय संख्या |
|---|---|
| उजुरी तथा विभागीय सजाय परामर्श | २२० |
| नीति नियम | ५१ |
| तथ्याङ्क तथा प्रकाशन | १३ |
| प्रशासन तथा निरीक्षण | १२ |
| अन्तर्वार्ता तथा सिफारिश | ११ |
| परीक्षा संचालन | १० |
| परीक्षण प्रविधि तथा अनुसन्धान | ८ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | ७ |
| आर्थिक प्रशासन | ४ |
| लिखित परीक्षा नतिजा | ४ |
| जम्मा | ३४० |

**चित्र नं. - ३**




आयोगको निर्णय सम्बन्धी अन्य विस्तृत विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ।

## १.६.३ लोक सेवा आयोगको अध्यक्ष र सदस्यहरुबाट विभिन्न निकायमा भएको प्रतिनिधित्वको विवरण :

लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरु र सचिवबाट यस वर्ष विभिन्न ९ वटा संस्थाका जम्मा ११९ वटा बैठकहरुमा आयोगको प्रतिनिधिका रुपमा सहभागिता रहेको थियो।

**तालिका नं. - ६**

**आयोगका पदाधिकारीहरुद्वारा भएको प्रतिनिधित्व सम्बन्धी विवरण**

(आ.व. २०६३ - ०६४)

| क्र.सं. | पद | नाम,थर | भागलिएको संस्था, समिति आयोग | पटक |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री तीर्थमान शाक्य | - न्याय सेवा आयोग | ८ |
| | | | - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | १ |
| २. | सदस्य | श्रीमती उर्मिला श्रेष्ठ | - सामान्य प्रशासन मन्त्रालय बढुवा समिति | १६ |
| | | | - सशस्त्र प्रहरी सेवा आयोग | १३ |
| ३. | सदस्य | डा.श्री भीमदेव भट्ट | - नेपाल विज्ञान तथ प्रविधि प्रज्ञा प्रतिष्ठान | २ |
| | | | - सामान्य प्रशासन मन्त्रालय बढुवा समिति | ११ |
| ४. | सदस्य | डा.श्री गणेशमान गुरुङ्ग | - स्वास्थ्य मन्त्रालय बढुवा समिति | ५ |
| | | | - सामान्य प्रशासन मन्त्रालय, बढुवा समिति | ४ |
| | | | - प्रहरी प्रधान कार्यालय | १७ |
| ५. | सदस्य | डा. श्री श्रीकृष्ण यादव | - सामान्य प्रशासन मन्त्रालय, बढुवा समिति | २७ |
| | | | - पोखरा विश्वविद्यालय सेवा आयोग | २ |
| | | | - महालेखा परीक्षकको कार्यालयको बढुवा समिति | १ |
| | | | - स्वास्थ्य मन्त्रालय बढुवा समिति | २ |
| ६. | सदस्य | श्रीमती विजया के.सी. | - स्वास्थ्य मन्त्रालय बढुवा समिति | ४ |
| ७. | सचिव | श्री कुमारप्रसाद पौडेल@ | - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान कार्यकारी समिति | ४ |
| | | | - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान पदपूर्ति समिति | १ |
| ८. | नि.सचिव | श्री सुशील जंगबहादुर राणा* | - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान कार्यकारी समिति | १ |
| | | | जम्मा | ११९ |

@ मिति २०६३/४/२९ देखी आयोगको सचिवको रुपमा कार्यरत

* मिति २०६३/४/२६ सम्म आयोगको निमित्त सचिवको रुपमा कार्यरत

## १.६.४. आयोगबाट भएको अधिकार प्रत्यायोजन :

आयोगलाई संविधान बमोजिम प्राप्त अधिकारहरु मध्येका केही अधिकारहरु प्रयोग गर्ने गरी आयोगको क्षेत्रीय निर्देशनालयका निर्देशकहरुलाई र अञ्चल कार्यालयका प्रमुखहरु क्षेत्रीय निर्देशनालयका निर्देशकहरुलाई हरेक वर्ष अधिकार प्रत्यायोजन गर्ने गरिएको छ। सोही प्रक्रियाको निरन्तरता अनुसार आ.व. २०६३/६४ मा पनि आयोगको क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुमा कार्यरत तथा नयाँ पदस्थापन तथा सरुवा भई आएका क्षेत्रीय निर्देशक तथा कार्यालय प्रमुखहरुलाई अधिकार प्रत्यायोजन गरिएको छ। अधिकार प्रत्यायोजन सम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा समावेश गरिएको छ।

## १.७. आयोगका सहयोगीहरु :

विगत वर्षहरुमा जस्तै यस वर्ष पनि आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा विभिन्न क्षेत्रका विज्ञ, विशेषज्ञहरुबाट आवश्यकतानुसार सहयोग लिएको छ। यसैगरी परीक्षा संचालन गर्ने क्रममा विभिन्न विद्यालय, क्याम्पसहरुले हल उपलब्ध गराई आयोगको परीक्षा संचालन कार्य सुचारु रुपले संचालन गर्नको लागि सहयोग पुऱ्याएका थिए। यसका साथै आयोगका काम कारबाहीहरुका सम्बन्धमा राय परामर्श र प्रतिक्रिया प्राप्त गर्न संचालन गरिएका गोष्ठी तथा अन्तरक्रियाहरुमा विशेषज्ञहरुले आफ्नो तथा आफू कार्यरत संस्थाको तर्फबाट बहुमूल्य राय तथा परामर्श उपलब्ध गराउनु भएको थियो। आयोगको कामकारबाहीमा सहयोग पुऱ्याउनु हुने दक्ष/विज्ञ, विशेषज्ञ एवम् विद्यालय तथा क्याम्पसहरुप्रति आयोग कृतज्ञता व्यक्त गर्दछ।

# परिच्छेद - २

# लोक सेवा आयोगको सचिवालयको संगठन तथा वार्षिक बजेट

## २.१. लोक सेवा आयोगको सचिवालयको संगठन र कर्मचारी दरबन्दी :

### २.१.१. संगठन :

लोक सेवा आयोगको सचिवालय अन्तर्गत केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुको बेग्ला बेग्लै संगठनात्मक संरचना छ। केन्द्रीय कार्यालयबाट आयोगको सचिवालयको कार्यसम्पादन हुन्छ भने, ५ विकास क्षेत्रमा रहेका क्षेत्रीय निर्देशनालयहरु र ९ अञ्चलहरुमा अवस्थित अञ्चल कार्यालयहरुबाट प्रत्यायोजित अधिकारको अधीनमा रही कार्यसम्पादन हुने गरेको छ। १ अञ्चलमा कम्तीमा १ संगठन रहने गरी आयोगको संगठनात्मक संरचना तर्जुमा गरिएको छ। क्षेत्रीय निर्देशनालय रहेको स्थानमा अञ्चल कार्यालयको कार्य पनि क्षेत्रीय निर्देशनालयबाटै गरिने गरी संगठनात्मक संरचनामा मिलाईएको छ। आयोगको संगठनात्मक संरचना अनुसूची ४ मा समावेश गरिएको छ :

### २.१.२. कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था :

लोक सेवा आयोगको सचिवालय अन्तर्गतका निकायहरुमा निम्नानुसार कूल ३१६ दरबन्दी रहेको छ। कूल दरबन्दी ३१६ मध्ये राजपत्रांकित श्रेणी तर्फ ४९ पद र राजपत्र अनंकित तर्फ १६० र श्रेणी विहीन ७४ गरी जम्मा २८३ पद पूर्ति भएको छ भने ३३ पद रिक्त रहेको छ। पूर्ति भएका पदहरु मध्ये राजपत्रांकित तर्फ ४, राजपत्र अनंकित तर्फ ३३ र श्रेणी विहीन २ गरी जम्मा ३९ जना महिला कर्मचारी कार्यरत रहेका छन्।

**कार्यरत महिला कर्मचारीहरु सम्बन्धी विवरण**

| सि.नं. | श्रेणी | संख्या |
|---|---|---|
| १. | रा.प. द्वितीय (प्रशासन) | १ |
| २. | रा.प. तृतीय (प्रशासन) | ३ |
| ३. | रा.प. अनं. प्रथम (प्रशासन) | ४ |
| ४. | रा.प. अनं. प्रथम (प्रा.) | १ |
| ५. | रा.प. अनं. द्वितीय (प्रशासन) | १२ |
| ६. | रा.प. अनं. द्वितीय (प्रा.) | ४ |
| ७. | टाइपिष्ट (वेग अनुसार) | १२ |
| ८. | श्रेणी विहीन | २ |
| | **जम्मा** | **३९** |

आयोगको कर्मचारी दरबन्दी र पूर्ति सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची ५ मा समावेश गरिएको छ।

**तालिका नं. - ७**

**लोक सेवा आयोगको दरबन्दी र पूर्तिको अवस्था**
(आ. व. २०६३/६४)

| सि.नं | श्रेणी | सेवा, समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १ | विशिष्ट | सचिव | १ | १ | ० |
| २ | रा.प.प्रथम | प्रशासन | ३ | २ | १ |
| ३ | रा.प.प्रथम प्रा. | शिक्षा,परीक्षण तथा मूल्यांकन (मु.म.वि.वे.) | १ | १ | ० |
| ४ | रा.प.द्वितीय | प्रशासन, सामान्य प्रशासन | १२ | ९ | ३ |
| ५ | रा.प.द्वितीय | प्रशासन, लेखा | १ | १ | ० |
| ६ | रा.प.द्वितीय | न्याय, कानून | १ | १ | ० |
| ७ | रा.प.द्वितीय प्रा. | शिक्षा, परीक्षण तथा मूल्यांकन | ३ | २ | १ |

| सि.नं | श्रेणी | सेवा, समूह | दरबन्दी | पूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| ८ | रा.प.तृतीय | प्रशासन, सामान्य प्रशासन | ३४ | २६ | ८ |
| ९ | रा.प.तृतीय | प्रशासन, लेखा | १ | १ | ० |
| १० | रा.प.तृतीय प्रा. | विविध (कम्प्यूटर अधिकृत) | १ | १ | ० |
| १० | रा.प.तृतीय प्रा. | शिक्षा, परीक्षण तथा मूल्यांकन | २ | २ | ० |
| ११ | रा.प.तृतीय प्रा. | शिक्षा, पुस्तकालय विज्ञान | १ | १ | ० |
| १२ | रा.प.तृतीय प्रा. | शिक्षा, मुद्रण, मुद्रण व्यवस्थापन (प्रे.सु.) | १ | १ | ० |
| | (क) राजपत्रांकित जम्मा | | ६२ | ४९ | १३ |
| १३ | रा.प.अनं प्रथम | प्रशासन, सामान्य प्रशासन | ४७ | ४५ | २ |
| १४ | रा.प.अनं प्रथम | प्रशासन, लेखा | ७ | ६ | १ |
| १५ | रा.प.अनं प्रथम प्रा. | शिक्षा, मुद्रण, मुद्रण व्यवस्थापन | ७ | ७ | ० |
| १६ | रा.प.अनं. प्रथम प्रा. | शिक्षा, शिक्षा प्रशासन (प्रा.स.) | १ | १ | ० |
| १७ | रा.प.अनं. प्रथम प्रा. | विविध (कम्प्युटर अपरेटर) | ५ | ४ | १ |
| १८ | रा.प.अनं. प्रथम प्रा. | इञ्जि, इलेक्ट्रिकल, ज. इलेक्ट्रिकल | १ | १ | ० |
| १९ | रा.प.अनं. द्वितीय प्रा. | इञ्जि, मेकानिकल (टाइप मेकानिक्स) | १ | १ | ० |
| २० | रा.प.अनं. द्वितीय | प्रशासन, सामान्य प्रशासन | ४३ | ४३ | ० |
| २१ | रा.प.अनं. द्वितीय प्रा. | शिक्षा, मुद्रण, मुद्रण व्यवस्थापन | ७ | ६ | १ |
| २२ | रा.प.अनं. द्वितीय | प्रशासन, लेखा | ११ | ११ | ० |
| २३ | रा.प.अनं. द्वितीय प्रा. | विविध (लिथो सहायक) | ३ | ३ | ० |
| २४ | रा.प.अनं. द्वितीय प्रा. | शिक्षा, पुस्तकालय विज्ञान | १ | १ | ० |
| २५ | रा.प.अनं. द्वितीय प्रा. | विविध (टेलिफोन अपरेटर) | २ | २ | ० |
| २६ | रा.प.अनं. तृतीय प्रा. | शिक्षा, मुद्रण, मुद्रण व्यवस्थापन | १ | १ | ० |
| २७ | टाइपिष्ट (वेग अनुसार) | प्रशासन, सामान्य प्रशासन | ३२ | २८ | ४ |
| | (ख) रा.प. अनंकित जम्मा | | १६९ | १६० | ९ |
| २८ | श्रेणी विहीन | हलुका सवारी चालक | १३ | ९ | ४ |
| २९ | श्रेणी विहीन | पियन/पाले/स्वीपर/माली | ७२ | ६५ | ७ |
| | (ग) श्रेणी विहीन जम्मा | | ८५ | ७४ | ११ |
| | (क) + (ख) + (ग) जम्मा दरबन्दी | | ३१६ | २८३ | ३३ |

चित्र नं. ४




## २.२. लोक सेवा आयोगको लागि विनियोजित बजेट र राजस्व :

### २.२.१. बजेट :

आ.व. २०६३/६४ मा आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरु समेतका लागि जम्मा रु. ८,१४,०१,७७६/६० विनियोजित भएको थियो। विनियोजित रकम मध्ये चालु खर्च तर्फ संस्थागत सुदृढीकरण र अर्थ बजेट समेत जम्मा रु. ६,८१,९५,७७६/६० र पूँजीगत खर्च तर्फ रु. ४३,६५,०००/- खर्च भएको र अवण्डा मौज्दात तर्फ रु. ८८,४१,०००/ रहेको थियो। विनियोजित वार्षिक बजेटको तुलनामा निकासा प्रतिशत ८९.१४ र वार्षिक बजेटको तुलनामा खर्च ७५.८५ प्रतिशत छ। विनियोजित बजेटको तुलनामा खर्च कम हुनुको कारणमा गत वर्ष परीक्षाहरु संचालन हुन नसक्नु प्रमुख रहेको छ। केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुको विनियोजन र खर्च सम्बन्धी विवरण अनुसूची ६ मा समावेश गरिएको छ।

चित्र नं. ५




आयोगका अञ्चल कार्यालयहरुको आ.व. २०६३/६४ मा रु. २ करोड ३१ लाख २२ हजार बजेट विनियोजन भएकोमा करिब १ करोड ८१ लाख ४३ हजार बजेट निकासा भएको र निकासा भएको सबै रकम खर्च भएको थियो। विनियोजनको तुलनामा ७८.५% निकासा र खर्च भएको देखिन्छ। अञ्चल कार्यालयहरुको विनियोजन र खर्चको स्थिति तलको चित्रमा देखाईएको छ।

## चित्र नं. ६




## २.२.२. राजस्व

आ.व. २०६३/६४ मा आयोगको केन्द्रीय कार्यालय र अन्तर्गतका कार्यालयहरु समेतबाट जम्मा रु. ७,६२,४८१/६५ राजस्व संकलन भएको छ। राजस्व सङ्कलन सम्बन्धी अन्य विवरण अनुसूची ७ समावेश गरिएको छ।

## २.२.३. धरौटी

आ.व. २०६३/६४ मा आयोगको केन्द्रीय कार्यालय र अन्तर्गतका कार्यालयहरु समेतमा जम्मा रु. ३९,१६९/७७ धरौटी मौज्दात रहेको छ। धरौटी मौज्दात सम्बन्धी अन्य विवरण अनुसूची ८ समावेश गरिएको छ।

## २.२.४. आयोगको भौतिक सम्पत्तिः

आयोग अन्तर्गत केन्द्रीय, क्षेत्रीय एवं अञ्चल कार्यालयको कूल जग्गा ५०-१-१$^{1}/_{2}$-१ रोपनी र १-१८-१० विघा रहेको छ भने २९ वटा भवन आफ्नै छन्। अञ्चल कार्यालय दिक्तेलमा घर भाडामा लिई कार्य संचालन भएको छ। आयोगको भौतिक सम्पत्ति सम्बन्धी विवरण अनुसूची ९ मा समावेश गरिएको छ।

## परिच्छेद - ३

# माग संकलन, प्रतियोगितात्मक परीक्षा तथा सिफारिश

### ३. पृष्ठभूमि :

आर्थिक वर्ष २०६३/६४ मा निजामती सेवा अध्यादेश खारेजी पछि निजामती सेवा ऐनमा संशोधन हुन नसकेको अवस्थाले गर्दा कायम रहेको रिक्तताको परिणामस्वरुप रिक्त पदहरुको पदपूर्ति सम्बन्धी कारबाही हुन सक्ने अवस्था थिएन। यसै कारणले गर्दा आयोगको काम कारबाही मध्ये माग संकलनदेखि सिफारिश सम्मका काम कारबाहीहरु प्रत्यक्ष रुपले प्रभावित हुन पुगेको थियो। अतः प्रतिवेदन अवधिका उपर्युक्त विषयसंग सम्बन्धित तथ्याङ्कहरुमा विगत वर्षहरुको तुलनामा स्वभाविक रुपमा कमी देख्न सकिन्छ। प्रतिवेदन अवधिमा विगत वर्षहरुमा विज्ञापन/सूचना प्रकाशन भई विभिन्न कारणबाट सिफारिश हुन बाँकी पदहरुको मात्र पदपूर्ति सम्बन्धी कारबाही हुन सकेको थियो। प्रतिवेदन अवधिको अन्तिम चरणमा भने नेपाल स्वास्थ्य सेवा संशोधन ऐन, व्यवस्थापिका संसदबाट पारित भई लागू भए पछि सो सेवाका नवौं र एघारौं तहका केही पदहरुको पदपूर्ति सम्बन्धी काम कारबाही अघि बढाउन सम्भव भएको थियो।

### ३.१. कार्यतालिका :

आयोगको कामलाई नियमित र व्यवस्थित रुपमा संचालन गर्न प्रत्येक आर्थिक वर्षका लागि माग संकलन, विज्ञापन प्रकाशन, परीक्षा एवं सिफारिश सम्बन्धी आयोगको वार्षिक कार्य तालिका निर्माण गर्ने गरिएको छ। आर्थिक वर्ष २०६३/६४ का लागि निजामती सेवा दोस्रो संशोधन अध्यादेश, २०४९ निष्क्रिय भै सकेको र अर्को निजामती सेवा ऐन आइ नसकेको अवस्थामा आयोगबाट सो वर्षको लागि नयाँ कार्यतालिका तर्जुमा हुन सकेन। हालै निजामती सेवा दोस्रो संशोधन ऐन, २०६४ पारित भई लागू भई सकेको हुनाले आयोगबाट आर्थिक वर्ष २०६४/६५ का लागि कार्यतालिका तर्जुमा गरिएको छ। उक्त कार्यतालिका अनुसूची १० मा समावेश गरिएको छ।

### ३.२. रिक्त पदको माग संकलन :

नेपाल सरकारका निजामती सेवा, संसद सेवा, महालेखा परीक्षकको सेवा र स्वास्थ्य सेवाका पदहरु रहेका कार्यालयहरुले आफ्नो संगठनमा कुनै पनि कारणबाट पद रिक्त हुन आएमा राजपत्रांकित पदको हकमा एक हप्ता भित्र र राजपत्र अनंकित पदको हकमा दुई महिना भित्रमा पद रिक्त भएको जानकारी लोक सेवा आयोगलाई गराउनु पर्ने व्यवस्था निजामती सेवा ऐन र अन्य सेवा/समूह संचालन सम्बन्धी प्रचलित ऐनमा व्यवस्था गरिएको छ। रिक्त पदपूर्तिका लागि भने आयोगबाट निर्दिष्ट मागको आकृति फाराम भरी राजपत्राङ्कित पदको हकमा केन्द्रीय कार्यालयमा र राजपत्र अनङ्कित पदहरुको हकमा सम्बन्धित क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुमा पठाउनु पर्ने ब्यवस्था रहेको छ। सो व्यवस्था अनुसार राजपत्रांकित रिक्त पदहरुको माग संकलन आयोगको केन्द्रीय कार्यालयबाट र राजपत्र अनंकित र श्रेणी विहीन रिक्त पदहरुको माग संकलन सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुबाट गर्ने गरिएको छ। आयोगबाट सिफारिश गरिदा विगत वर्षहरुमा कार्य प्रारम्भ भई सिफारिश हुन बाकी रहेका पदहरु समेतको सिफारिशको तथ्याङ्क प्रस्तुत गरिने हुदा स्वभाविक रुपमा चालु आर्थिक वर्षमा सङ्कलित माग र सिफारिशको संख्या फरक हुन्छ।

## ३.३.   श्रेणी/तह अनुसार प्राविधिक र अप्राविधिक रिक्त पदहरु :

आर्थिक वर्ष २०६३/६४ मा जम्मा ४६१ रिक्त पदको माग संकलन भएको थियो । जसमध्ये राजपत्राङ्कित श्रेणी तर्फ प्राविधिक ११५ र अप्राविधिक ८० गरी जम्मा १९५ रिक्त पदहरुको माग संकलन भएको थियो भने राजपत्र अनङ्कित श्रेणीको प्राविधिक १३० र अप्राविधिक १३६ गरी जम्मा २६६ रिक्त पद को माग संकलन भएको थियो । यस प्रकार आर्थिक वर्ष ०६३/६४ मा कूल जम्मा प्राविधिक तर्फ २४५ र अप्राविधिक तर्फ २२६ समेत जम्मा ४६१ रिक्त पदको माग संकलन भएको थियो । सिफारिश तर्फको तथ्याङ्कमा अघिल्लो आर्थिक वर्षहरुमा पदपूर्ति प्रक्रिया शुरु भएका पदहरुको विवरण समेत समावेश गरिएकोले यस वर्ष जम्मा ७५६ पदहरुमा सिफारिश गरिएको छ ।

आर्थिक वर्ष २०६३/६४ मा जम्मा ४६१ रिक्त पदको माग संकलन भएको थियो । जसमध्ये राजपत्रांकित प्रथम, द्वितीय, तृतीय श्रेणीका पदहरुका जम्मा १९५ रिक्त पदहरुको माग प्राप्त भएको थियो भने राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीका २६६ रिक्त पदको माग प्राप्त भयो । सो सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची ११ मा समावेश गरिएको छ ।

**तालिका नं. ८**

**श्रेणी/तह अनुसार प्राविधिक र अप्राविधिक पदहरुको माग सङ्कलन**
**आ.व.२०६३/६४)**

| सि.नं. | श्रेणी | प्राविधिक | अप्राविधिक | जम्मा |
|---|---|---|---|---|
| १ | राजपत्रांकित | ११५ | ८० | १९५ |
| | राजपत्र अनंकित | १३० | १३६ | २६६ |
| | जम्मा | २४५ | २१६ | ४६१ |

**चित्र नं. ७**




## ३.४. विज्ञापन/सूचना :

रिक्त पद पूर्तिका लागि मागको आकृति फाराम प्राप्त भएपछि आयोगले आफ्नो निर्देशिका बमोजिम सम्बन्धित सेवा समूह सञ्चालन गर्ने ऐनमा व्यवस्था भए अनुरुप कार्य सम्पादन मूल्याङ्कन, आन्तरिक प्रतियोगिता, खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नका लागि पद संख्या निर्धारण गरी विज्ञापन/सूचना प्रकाशन गर्ने गरिएको छ । गत वर्षको बाँकी सिफारिश र प्रतिवेदन अवधिको विज्ञापन देखी सिफारिश सम्मको विवरण अनुसूची १२ मा समावेश गरिएको छ ।

### ३.४.१. सेवा र श्रेणी/तह अनुसार रिक्त पदपूर्तिको विज्ञापन/सूचनाको विवरण :

आ.व. २०६३/६४ अवधिमा आयोगको क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुबाट कुनै पनि विज्ञापन र सूचना प्रकाशन हुन सकेन । केन्द्रीय कार्यालयबाट भने नेपाल स्वास्थ्य सेवा तर्फका नवौं र एघारौं तहका बढुवा तर्फ ७६ पद र खुला र आ.प्र. तर्फ ३९ समेत जम्मा ११५ पदका लागि जम्मा २४ वटा विज्ञापन र ३५ वटा बढुवा सूचना समेत कूल जम्मा ५९ वटा विज्ञापन/सूचना प्रकाशित गरियो ।

**तालिका नं. ९**

**विज्ञापन/सूचनाको विवरण**
(आ.व. २०६३/६४)

| सि.नं. | विज्ञापन/सूचनाको विवरण | पद सख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खुला प्रतियोगिताको लागि विज्ञापन | ६ | ५.२१ |
| २ | आन्तरिक प्रतियोगिताको लागि विज्ञापन | ३३ | २८.७ |
| ३ | बढुवाका लागि सूचना | ७६ | ६६.०९ |
| | जम्मा | ११५ | १००.० |

**चित्र नं. ८**




## ३.४.२. प्रारम्भिक परीक्षाको सूचना :

आयोगले रा.प.तृतीय अप्राविधिक पदको लागि आर्थिक वर्ष ०५९/६० देखि प्रारम्भिक परीक्षा लिने र सो परीक्षामा उत्तीर्ण हुनेलाई मूल परीक्षामा सम्मिलित गराई प्रतियोगितात्मक परीक्षा संचालन गर्ने गरेको छ। यसरी प्रारम्भिक परीक्षा उत्तीर्ण हुनेहरुलाई २ वर्ष सम्म मूल परीक्षामा सम्मिलित हुन पाउने व्यवस्था छ।

यस अवधिमा रा.प. तृतीय श्रेणीको अप्राविधिक पदका लागि प्रारम्भिक परीक्षाको सूचना प्रकाशित हुन सकेन। गत वर्षमा संचालन गरिएको सूचना नं. २/०६२/६३ बमोजिमको प्रारम्भिक परीक्षामा ६५१३ जना कूल उम्मेदवार सम्मिलित भएकोमा प्रतिवेदन अवधिमा सोको नतिजा प्रकाशन गरियो। प्रकाशित नतिजा अनुसार ४९५ जना महिला र २२९४ जना पुरुष समेत गरी जम्मा २७८९ जना परीक्षार्थीहरु मूल परीक्षाको लागि छनौट भएका थिए।

## ३.५. प्रश्नपत्र निर्माण:

आ.व. २०६३/६४ मा विभिन्न विषयका विशेषज्ञ/विज्ञ विद्वानहरुबाट विभिन्न सेवा समूहसंग सम्बन्धित जम्मा ३७४ सेट प्रश्नपत्र निर्माण गर्न लगाईयो। निर्माण भएका प्रश्नपत्रहरु मध्ये आयोगको नियमित परीक्षा संचालनको लागि १९६ सेट, न्याय सेवा आयोग तर्फको परीक्षा संचालनको लागि ४४ सेट, सशस्त्र प्रहरी तर्फको परीक्षा संचालनको लागि ६२ सेट र जनपद प्रहरी तर्फको परीक्षा संचालनको लागि ७२ सेट कोरा प्रश्नपत्र निर्माण गरियो। यस सम्बन्धी विस्तृत विवरण अनुसूची १३ मा समावेश गरिएको छ।

## ३.६. प्रश्नपत्र मोडरेशन:

आ.व. २०६३/६४ मा विभिन्न विषयका विशेषज्ञ/विज्ञ विद्वानहरुबाट विभिन्न सेवा समूहसंग सम्बन्धित रा.प. प्रथम श्रेणीका २३ थान, रा.प. द्वितीय श्रेणीका ३१ थान, रा.प. तृतीय

श्रेणीका २८४ थान, स्वास्थ्य सेवा तर्फका विभिन्न तहका ५६ थान, न्याय सेवा तर्फका रा.प. प्रथम र द्वितीय श्रेणीका ५४ थान, प्रहरी सेवा तर्फका १०९ थान गरी जम्मा ५५७ थान प्रश्नपत्र मोडरेशन गरिएकोमा निजामती सेवाका राजपत्रांकित विभिन्न श्रेणीका पदका लागि १४४ थान, स्वास्थ्य सेवाका विभिन्न तहका लागि २३ थान, न्याय सेवा तर्फको लागि १२ थान, र प्रहरी सेवाको लागि २५ थान प्रश्नहरु प्रयोग भई निजामती सेवा तर्फ १९४ थान, स्वास्थ्य सेवा तर्फ ३३ थान, न्याय सेवा तर्फ ४२ थान, र प्रहरी सेवा तर्फ ८४ थान गरी जम्मा ३५३ थान प्रश्नपत्रहरु प्रश्नपत्र बैङ्कमा जम्मा गरियो ।

## ३.७. दरखास्त संकलनः

आर्थिक वर्ष २०६३/६४ मा निजामती सेवा ऐनमा कायम रहेको रिक्तताले गर्दा आयोगबाट नेपाल स्वास्थ्य सेवाका नवौं र एघारौं तहका केही सिमित पदहरु बाहेक अन्य पदहरुको पदपूर्तिका लागि विज्ञापन हुन सकेन । फलतः प्रतिवेदन अवधिमा आयोगको केन्द्रीय कार्यालयबाट भएका नेपाल स्वास्थ्य सेवाका नवौं र एघारौं तहका विज्ञापन भएका विभिन्न पदहरुको लागि जम्मा २८३ दरखास्त संकलन भएको थियो । जस मध्ये महिला दरखास्तको संख्या ६६ र पुरुष दरखास्तको संख्या २१७ रहेको थियो । यस सम्बन्धी थप विवरण अनुसूची १४ मा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०६३/६४ अवधिमा भएका विज्ञापनहरुमा परेका दरखास्तहरुको मात्र अवस्था हेर्दा यस वर्ष निजामती सेवा ऐन सम्बन्धी अध्यादेशको खारेजी पश्चात ऐन रिक्तताको अवस्था (Vacuum) ले गर्दा पदपूर्ति को प्रारम्भिक प्रक्रियाहरु जस्तै माग सङ्कलन, पदसंख्या निर्धारण, विज्ञापन/सूचना प्रकाशन आदि कुराहरु प्रत्यक्ष रुपमा प्रभावित भई पदपूर्तिको प्रक्रिया शुरु हुन सकेको थिएन परिणामस्वरुप दरखास्तहरुको संख्या समेत स्वभाविक रुपमा न्यून रहेको देखिन्छ । आर्थिक वर्षको अन्त्य हुनै लाग्दा नेपाल स्वास्थ्य सेवा ऐन संशोधन भई पदपूर्ति सम्बन्धी कारबाही अघि बढाउन मार्ग प्रशस्त भएकोले स्वास्थ्य सेवाका अधिकृत नवौं र एघारौं तहका केही पदहरुको विज्ञापन भएको थियो । उपर्युक्त विज्ञापनहरुमा परेका दरखास्तहरुको लैङ्गिक विवरण निम्नानुसार तालिका र चार्टमा प्रस्तुत गरिएको छ ।

तालिका नं. - १०

**आयोगबाट भएको विज्ञापनमा लैङ्गिक आधारमा परेको दरखास्त विवरण (आ.व २०६३/६४)***

| सि.नं. | विवरण | दरखास्त संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ६६ | २३.३२ |
| २ | पुरुष | २१७ | ७६.६८ |
| | जम्मा | २८३ | १०० |

*स्वास्थ्य सेवा तर्फको मात्र विज्ञापन भएको

चित्र नं. - ९




## ३.८. लिखित परीक्षाको मिति निर्धारण/संचालन :

आर्थिक वर्ष २०६४/६५ मा आयोगले स्वास्थ्य सेवाका २४ वटा विज्ञापनहरुका परीक्षाको मिति निर्धारण गरी ४९ दिन परीक्षा संचालन गरियो । साथै यस अवधिमा आयोगबाट न्याय सेवा, जनपद प्रहरी र सशस्त्र प्रहरीको परीक्षामा आयोगले सहयोग उपलब्ध गराइ आंशिक रुपमा संलग्न रह्यो ।

## ३.९. लिखित परीक्षामा उपस्थितिः

विगतमा विज्ञापन भएर यस आ.व.मा सिफारिश भएका पदहरुमा जम्मा ३१,१९८ दरखास्त परेको थियो। कूल दरखास्त मध्ये ६३६ राजपत्रांकित पदहरुका लागि २२१७ महिलाको र १८९३१ पुरुषको गरी जम्मा २११४८ दरखास्त परेको थियो। त्यस्तै १२० राजपत्र अनंकित पदहरुका लागि २९३९ महिलाको र ७११२ पुरुषको गरी जम्मा १००५१ दरखास्त परेको थियो। दरखास्त दिने उम्मेदवार मध्ये लिखित परीक्षामा जम्मा १९,११८ उम्मेदवारहरु परीक्षार्थीको रुपमा उपस्थित रहेका थिए। उपस्थित परीक्षार्थीहरु मध्ये राजपत्रांकित पदहरुको परीक्षामा १२००१ जना र राजपत्र अनंकित पदहरुको परीक्षामा ७११७ उम्मेदवार उपस्थित रहेका थिए। यस सम्बन्धी विस्तृत विवरण तलका तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ।

**तालिका नं. ११**

**सिफारिश भएका पदहरुको परीक्षामा उपस्थित उम्मेदवारहरुको सेवा र श्रेणी अनुसारको विवरण**

(आ.व.२०६३/६४)

| सि. नं | सेवा | राजपत्रांकित | | | राजपत्र अनंकित | | | श्रेणी विहीन | कूल उपस्थिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | प्रथम | द्वितीय | तृतीय | | |
| १ | आ.यो.तथा तथ्याङ्क | | २४ | १२९ | | ० | | | १५३ |
| २ | इञ्जिनियरिङ्ग | | ३०० | १६९२ | | ११ | | | २००३ |
| ३ | कृषि | | ० | ३११ | | ५६ | | | ३६७ |
| ४ | न्याय | | ० | ८८१ | | ५५६ | | | १४३७ |
| ५ | प्रशासन | | ७१० | ४४९७ | | ५८९९ | | | १११०६ |
| ६ | वन | | ० | १७२ | | ० | | | १७२ |
| ७ | स्वास्थ्य | | ८* | २७९$ | | १४०& | | | ४२७ |
| ८ | शिक्षा | | १८९ | २५२८ | | २९ | | | २७४६ |
| ९ | संसद् | | ० | ० | | २४३ | | | २४३ |
| १० | लेखापरीक्षण | | २० | १४८ | | ० | | | १६८ |
| ११ | विविध | | ० | ११३ | | १८३ | | | २९६ |
| | **जम्मा** | ० | १२५१ | १०७५० | ० | ७११७ | ० | ० | १९११८ |

* नवौं तह   $ छैटौं तह र सातौं तह   & चौथो तह

**चित्र नं.१०**



## ३.१०. उत्तरपुस्तिकामा संकेत नम्बर (Coding) :

यस आर्थिक वर्ष २०६३/६४ मा आयोगले विभिन्न सेवा र समूहको विभिन्न श्रेणी/तहको परीक्षा संचालन पश्चात प्राप्त उत्तर पुस्तिकाहरुमा आयोगको निर्देशिकाले निर्दिष्ट गरे अनुसार प्रथम र दोस्रो संकेत नम्बर राखियो ती उत्तरपुस्तिकाहरु मध्ये जम्मा ५५,९६५ थान उत्तरपुस्तिकाहरुमा संकेत नं राख्ने कार्य सम्पन्न भयो। जसमा आयोग तर्फ ९,७६६ थान, न्याय सेवा तर्फ २११५ थान, जनपद प्रहरी तर्फ ३४,००४ थान र सशस्त्र प्रहरी तर्फ १०,०८० थान रहेका थिए।

## ३.११. उत्तर पुस्तिका परीक्षण :

यस अवधिमा विभिन्न सेवा, समूहका उत्तरपुस्तिकाहरू परीक्षण गराउन ४५० जना दक्षहरूको मनोनयन गरी ४२,२९० थान विषयगत र १५,४६२ थान वस्तुगत गरी जम्मा ५७,७५२ उत्तरपुस्तिकाहरू परीक्षण गराइयो। साथै परीक्षणबाट प्राप्त विभिन्न सेवा, समूहका उक्त उत्तरपुस्तिकाहरू अन्तिम पटक जाँची रुजु गर्ने कार्य समेत सम्पन्न भयो। यस अवधिमा ४ जना परीक्षार्थीहरुबाट पुनर्योगको लागि निवेदन प्राप्त भएकोमा साविक नतिजा नै ठीक देखिएको छ।

## ३.१२. लिखित परीक्षाको नतिजा प्रकाशन :

यस अवधिमा गत आर्थिक वर्षमा परीक्षा सञ्चालन भई नतिजा प्रकाशन हुन बाँकी रहेका तथा यस आर्थिक वर्षमा सञ्चालन भएका समेत आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरूमा प्राविधिक तथा अप्राविधिक तर्फका विभिन्न सेवा, समूह, उपसमूह र श्रेणीका विभिन्न विज्ञापनका पदहरुको जम्मा ७३ वटा नतिजा प्रकाशन गरियो। यस सम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. - १२**

**सेवा र लैङ्गिक आधारमा सफल उम्मेदवार:**
(आ.व २०६३/२०६४)

| सि. नं. | सेवा | लिङ्ग | राजपत्राङ्कित | | | राजपत्र अनङ्कित | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | द्वितीय | तृतीय | प्रथम | द्वितीय | तृतीय | |
| १ | ने.आ.यो.तथा तथ्याङ्क | पुरुष | ० | ३ | २५ | ० | ० | ० | २८ |
| | | महिला | ० | ० | ४ | ० | ० | ० | ४ |
| २ | नेपाल इन्जि | पुरुष | ० | ३२ | ९१६ | ० | १ | ० | ९४९ |
| | | महिला | ० | ० | १४ | ० | ३ | ० | १७ |
| ३ | नेपाल कृषि | पुरुष | ० | ० | २४४ | ० | ७ | ० | २५१ |
| | | महिला | ० | ० | १९ | ० | २ | ० | २१ |
| ४ | नेपाल न्याय | पुरुष | ० | ० | ३४ | ० | ३० | ० | ६४ |
| | | महिला | ० | ० | १ | ० | ३ | ० | ४ |
| ५ | नेपाल प्रशासन | पुरुष | ० | ३३ | १८८ | ० | १४४ | ० | ३६५ |
| | | महिला | ० | ० | ४३ | ० | ३२ | ० | ७५ |
| ६ | नेपाल वन | पुरुष | ० | ० | २३७ | ० | ० | ० | २३७ |
| | | महिला | ० | ० | ७ | ० | ० | ० | ७ |
| ७ | नेपाल स्वास्थ्य | पुरुष | ० | ४* | १५७@ | ० | १४# | ० | १७५ |
| | | महिला | ० | ० | ९७ | ० | ० | ० | ९७ |
| ८ | नेपाल शिक्षा | पुरुष | ० | ६ | १७७ | ० | २ | ० | १८५ |
| | | महिला | ० | ० | ३१ | ० | १ | ० | ३२ |
| ९ | नेपाल संसद् | पुरुष | ० | ० | ० | ० | ४९ | ० | ४९ |
| | | महिला | ० | ० | ० | ० | ६ | ० | ६ |
| १० | ले. परीक्षण | पुरुष | ० | ३ | २० | ० | ० | ० | २३ |
| | | महिला | ० | ० | ३ | ० | ० | ० | ३ |
| ११ | नेपाल विविध | पुरुष | ० | ० | ३० | ० | २२ | ० | ५२ |
| | | महिला | ० | ० | १७ | ० | ० | ० | १७ |
| | **जम्मा** | **पुरुष** | ० | ८१ | २०२८ | ० | २६९ | ० | २३७८ |
| | | **महिला** | ० | ० | २३६ | ० | ४७ | ० | २८३ |
| | | **कूल** | ० | ८१ | २२६४ | ० | ३१६ | ० | २६६१ |

* नवौं तह    @ छैटौ र सातौं तह    # चौथो तह

यस अवधिमा राजपत्रांकित र राजपत्र अनंकित गरी जम्मा ७५६ पदहरुमा उच्चत्तम अंक प्राप्त गर्ने पुरुष २३७८ जना र महिला २८३ जना गरी जम्मा २६६१ जना सफल उम्मेदवारहरुलाई अन्तर्वार्ताका लागि छनौट गरिएको थियो। कूल छनौट भएका मध्ये राजपत्रांकित तर्फ २३६ जना महिला र २१०९ जना पुरुष गरी जम्मा २३४५ जना तथा राजपत्र अनंकित तर्फ महिला ४७ र पुरुष २६९ गरी जम्मा ३१६ जनालाई योग्यताको आधारमा अन्तर्वार्ताको लागि छनौट गरिएको थियो। सेवा अनुसारको सफल उम्मेदवारहरुको लैङ्गिक विवरण सम्बन्धी तालिका माथि प्रस्तुत गरिएको छ। सो सम्बन्धी विषयलाई चित्र नं. ११ र १२ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. ११**




**चित्र नं. १२**




## ३.१३. अन्तर्वार्तामा उपस्थिति/अनुपस्थिति :

यस अवधिमा आयोगले २१० सिफ्ट अन्तर्वार्ता सञ्चालन गर्न जम्मा ९७ दिन खर्चेको थियो। अन्तर्वार्ताका लागि छनौट गरिएका पुरुष २३७८ जना र महिला २८३ जना गरी जम्मा २६६१ जना सफल उम्मेदवारहरु मध्ये २४०१ जना मात्र अन्तर्वार्तामा उपस्थित रहेका थिए। अन्तर्वार्तामा उपस्थित मध्ये राजपत्रांकित पदका लागि २२८ महिला र १९२८ पुरुष गरी जम्मा २१५६ जना एवम् राजपत्र अनंकित पदका लागि २६ महिला र २१९ पुरुष गरी जम्मा २४५ जना

आयोगबाट संचालन भएको अन्तर्वार्तामा उपस्थित भएका थिए। यस अवधिमा सबैभन्दा बढी इञ्जिनियरिङ्ग सेवामा अन्तर्वार्ताका लागि छनौट गरिएका परीक्षार्थीहरु अन्तर्वार्तामा अनुपस्थित रहेको देखिन्छ। अन्तर्वार्तामा अनुपस्थित रहनेहरुको विवरण तलको तालिका एवम् चित्रमा प्रस्तुत गरिएको छ।

**तालिका नं. १३**

**सेवा राजपत्रांकित र राजपत्र अनंकित श्रेणीको अन्तर्वार्तामा उपस्थिति/अनुपस्थिति**

(आ.व २०६३/६४)

| सि. नं. | सेवा | राजपत्राङ्कित | | | राजपत्र अनङ्कित | | | कूल अन्तर्वार्तामा अनुपस्थित |
|---|---|---|---|---|---|---|---|---|
| | | लि.प.मा सफल | अन्तर्वार्तामा उपस्थित | अन्तर्वार्तामा अनुपस्थित | लि.प.मा सफल | अन्तर्वार्तामा उपस्थित | अन्तर्वार्तामा अनुपस्थित | |
| १ | आ.यो.तथा तथ्याङ्क | ३२ | ३२ | ० | ० | ० | ० | ० |
| २ | इञ्जिनियरिङ्ग | ९६२ | ८३० | १३२ | ४ | ४ | ० | १३२ |
| ३ | कृषि | २६३ | २३७ | २६ | ९ | ६ | ३ | २९ |
| ४ | न्याय | ३५ | ३३ | २ | ३३ | ३३ | ० | २ |
| ५ | प्रशासन | २६४ | २५६ | ८ | १७६ | ११८ | ५८ | ६६ |
| ६ | वन | २४४ | २४२ | २ | ० | ० | ० | २ |
| ७ | स्वास्थ्य | २५८ | २५० | ८ | १४ | १३ | १ | ९ |
| ८ | शिक्षा | २१४ | २०७ | ७ | ३ | ३ | ० | ७ |
| ९ | संसद् | ० | ० | ० | ५५ | ४८ | ७ | ७ |
| १० | लेखापरीक्षण | २६ | २२ | ४ | ० | ० | ० | ४ |
| ११ | विविध | ६९ | ६७ | २ | ० | ० | ० | २ |
| | **जम्मा** | **२३६७** | **२१७६** | **१९१** | **२९४** | **२२५** | **६९** | **२६०** |

**चित्र नं. १३**




| | |
|---|---|
| अन्तर्वार्तामा उपस्थित जम्मा | २४०१ |
| अन्तर्वार्तामा अनुपस्थित जम्मा | २६० |
| सफल महिला उम्मेदवार | २८३ |
| अन्तर्वार्तामा उपस्थित महिला | २५४ |
| अन्तर्वार्तामा अनुपस्थित महिला | २९ |




## ३.१४. योग्यताक्रम प्रकाशन (स्थायी नियुक्तिका लागि सिफारिश) :

प्रतिवेदन अवधिमा कूल ७५६ पदका लागि योग्यताका आधारमा सिफारिश गरिएको थियो। सिफारिश गरिएका उम्मेदवारहरु मध्ये राजपत्रांकित तर्फ महिला ८० जना र पुरुष ५५६ जना गरी जम्मा ६३६ जना र राजपत्र अनंकित तर्फ महिला १४ जना र पुरुष १०६ जना गरी जम्मा १२० जना सिफारिश गरिएको थियो। कूल सिफारिशमा महिलाको संख्या ९४ र पुरुषको संख्या ६६२ रहेको थियो। सेवा अनुसार सिफारिशलाई हेर्दा प्रशासन सेवामा सबैभन्दा बढी २६५ पदका लागि सिफारिश गरिएको थियो। ती पदहरुका लागि कूल १६,४७३ जनाको दरखास्त परेको थियो। ती दरखास्त मध्ये महिलाको दरखास्त ३,१५१ र पुरुषको दरखास्त १३,३२२ रहेको थियो। सिफारिश तर्फ हेर्दा प्रशासन सेवामा सो अवधिमा

२६५ पदका लागि सिफारिश भएकोमा महिलाको संख्या ४८ र पुरुषको संख्या २१७ रहेको थियो। सबैभन्दा कम सिफारिश लेखापरीक्षण सेवामा गरिएको थियो। यो सेवाका लागि जम्मा ७ पदमा सिफारिश गरियो। ती सिफारिश भएका पदहरुका लागि जम्मा २७४ जनाले दरखास्त दर्ता गराएका थिए। ती मध्ये महिलाको संख्या १६ र पुरुषको संख्या २५८ रहेको थियो। यो सेवाका लागि सिफारिश गरिएका ७ पद सबैमा पुरुष परीक्षार्थीहरु सिफारिश भएका थिए। यस सम्बन्धी थप विवरण तलको तालिका तथा चित्रमा प्रस्तुत गरिएको छ।

**तालिका नं. १४**

**सेवागत आधारमा योग्यताक्रम प्रकाशन (स्थायी नियुक्तिका लागि सिफारिश)**

(आर्थिक वर्ष २०६३/६४)

| सेवा | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | दरखास्त संख्या | सिफारिश संख्या | दरखास्त संख्या | सिफारिश संख्या | दरखास्त संख्या | सिफारिश संख्या |
| प्रशासन | १३३२२ | २१७ | ३१५१ | ४८ | १६४७३ | २६५ |
| न्याय | १४९३ | २५ | १९३ | २ | १६८६ | २७ |
| लेखापरीक्षण | २५८ | ७ | १६ | ० | २७४ | ७ |
| विविध | ३२२ | १० | ७१ | ० | ३९३ | १० |
| संसद | २२८ | ९ | ४३ | १ | २७१ | १० |
| २. | श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ० | ० | ० | २० पुल दरबन्दी |
| ३. | श्री निर्वाचन आयोग | ३ | ३ | ० | |
| ४. | श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७ | ० | १ | |
| ५. | श्री नेपाल राज्यको महान्यायाधिवक्ताको कार्यालय | ५ | ० | ० | |
| ६. | श्री जलस्रोत मन्त्रालय | ६ | ० | २३ | |
| ७. | श्री सूचना तथा संचार मन्त्रालय | ८ | ० | ० | |
| ८. | श्री श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ४ | ० | ० | |
| ९. | श्री विज्ञान तथा प्रविधि मन्त्रालय | ५ | ० | ० | |
| १०. | श्री गृह मन्त्रालय | २२ | १ | १ | |
| ११. | श्री स्थानीय विकास मन्त्रालय | ३ | ० | ० | |
| १२. | श्री अर्थ मन्त्रालय | १२ | १९ | ० | |
| १३. | श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३ | ० | ० | |
| १४. | श्री वन तथा भू-संरक्षण मन्त्रालय | ० | ५ | ० | |
| १५. | श्री रक्षा मन्त्रालय | १ | ८ | १ | |
| १६. | श्री महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | २ | ० | ० | |
| १७. | श्री भौतिक योजना तथा निर्माण मन्त्रालय | ७ | ८ | १३ | |
| १८. | श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३ | ३ | ० | |
| १९. | श्री भूमि सुधार तथा व्यवस्था मन्त्रालय | ३ | १ | १ | |
| २०. | श्री शिक्षा तथा खेलकूद मन्त्रालय | ७ | ४ | ४ | |
| २१. | श्री परराष्ट्र मन्त्रालय | २३ | १० | ० | |
| २२. | श्री कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | १० | ० | ० | |
| २३. | श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ७ | ८५ | ० | |
| २४. | श्री राष्ट्रिय योजना आयोगको सचिवालय | ८ | १ | ० | बढुवा उजुरी परेको |
| २५. | श्री महालेखा नियन्त्रक कार्यालय | ३४ | ० | १ | |
| २६. | श्री राष्ट्रिय सतर्कता केन्द्र | १८ | १ | १ | |
| २७. | श्री पुनरावेदन अदालत | १० | ० | ० | |
| २८. | श्री मुद्रण विभाग | २० | १ | १ | |

| क्र.सं. | निरीक्षण गरिएको निकाय | निरीक्षणबाट देखिएको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | रिक्त पद | बढुवा कारबाही | विभागीय सजायको कारबाही | |
| २९. | श्री कारागार व्यवस्था विभाग | २ | १ | ० | |
| ३०. | श्री शहरी विकास तथा भवन निर्माण विभाग | १३ | ० | ० | |
| ३१. | श्री स्वास्थ्य सेवा विभाग | ८ | ० | ० | |
| ३२. | श्री औषधि व्यवस्था विभाग | १ | ० | ० | पद परिवर्तनको लागि कारबाही भई रहेको |
| ३३. | श्री आयुर्वेद विभाग | २ | १ | ७ | |
| ३४. | श्री राष्ट्रिय क्षय रोग केन्द्र | २ | ० | ० | |
| ३५. | श्री पुरातत्व विभाग | १३ | ० | ० | |
| ३६. | श्री शिक्षा विभाग | ६ | ० | ० | |
| ३७. | श्री पाठ्यक्रम विकास केन्द्र | १ | ० | ० | २ पद फाजिल |
| ३८. | श्री परीक्षा नियन्त्रण कार्यालय | १ | ० | ० | |
| ३९. | श्री शिक्षक सेवा आयोग | १ | ० | ० | |
| ४० | श्री स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग | ४ | ० | १ | |
| ४१. | श्री सहकारी विभाग | १ | ० | ० | |
| ४२. | श्री महिला विकास विभाग | १ | ० | ० | |
| ४३. | श्री सिचाईं विभाग | १८ | ० | ३ | थप १ को विभागीय कारबाही प्रक्रियामा रहेको |
| ४४ | श्री घरेलु तथा साना उद्योग विभाग | ४ | ० | ० | |
| ४५. | श्री कम्पनी रजिष्टारको कार्यालय | १ | ० | ० | |
| ४६. | श्री भन्सार विभाग | ४ | ० | ० | |
| ४७. | श्री उद्योग विभाग | २ | ० | ० | |
| ४८. | श्री जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | ५ | ० | ० | |
| ४९. | श्री पशु सेवा विभाग | ६ | ० | १ | |
| ५०. | श्री क्षेत्रीय कृषि निर्देशनालय | २ | ० | ० | |
| ५१. | श्री क्षेत्रीय पशु सेवा निर्देशनालय | १ | ० | ० | |
| ५२. | श्री बाणिज्य विभाग | ० | ० | ० | |
| ५३. | श्री भूमि सुधार तथा व्यवस्थापन विभाग | ३ | ० | ० | |
| ५४. | श्री सूचना विभाग | २ | ० | ० | |
| ५५. | श्री नापी विभाग | ८ | ० | ० | |
| ५६. | श्री यातायात व्यवस्था विभाग | ० | ० | ० | |
| ५७. | श्री विद्युत विकास विभाग | १५ | ० | ० | |
| ५८. | श्री श्रम तथा रोजगार प्रवर्द्धन विभाग | ० | ० | ० | |
| ५९. | श्री भू-सूचना तथा अभिलेख विभाग | ० | ० | ० | |
| ६०. | श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | १५ | ० | १ | |
| ६१. | श्री राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग | १ | ० | ० | २ पद फाजिल |
| ६२. | श्री वन विभाग | ० | ० | २ | |
| ६३. | श्री राजस्व अनुसन्धान विभाग | ४ | ० | १ | |
| ६४. | श्री निजामती किताबखाना | १ | १ | ० | |
| ६५. | श्री अध्यागमन विभाग | ० | ० | ६ | |
| ६६. | श्री खानी तथा भु-गर्भ विभाग | ३९ | ० | १ | |
| ६७. | श्री आन्तरिक राजस्व विभाग | १७ | ० | १ | |
| ६८. | श्री खानेपानी तथा ढल निकास विभाग | १० | ० | ४ | |
| ६९. | श्री वनस्पति विभाग | ३० | ० | ० | |
| ७०. | श्री केन्द्रीय तथ्याङ्क विभाग | ४ | ४ | ३ | |
| ७१. | श्री हुलाक सेवा विभाग | ७ | ९ | ० | |
| ७२. | श्री सडक विभाग | १०७ | ० | १ | |
| | **जम्मा** | ६०५ | १७३ | ८० | |

# परिच्छेद- ६

# शैक्षिक योग्यता निर्धारण सम्बन्धी परामर्श एवम् पाठ्यक्रम निर्माण र परिमार्जन

१. स्वास्थ्य सेवा जनरल हेल्थ एजुकेशन नवौं तहको स्वास्थ्य शिक्षा प्रशिक्षण प्रशिक्षक (आ.प्र.) पदको लागि दरखास्त दिएका उम्मेदवारहरु सुनिल राज शर्मा, विनोद विन्दु शर्मा र बद्री बहादुर खड्काको शैक्षिक योग्यता नपुगेकाले निजहरुको दरखास्त र परीक्षा समेत बदर गरिपाऊँ भनी मिति २०६३/२/२२ मा श्री गणेश सिंह रानाले सम्माननीय अध्यक्ष समक्ष निवेदन दिनु भएको। सो सम्बन्धमा मिति २०६३/४/२ मा माननीय सदस्य श्रीमती विजया के.सी.को कार्यकक्षमा बसेको बैठकले देहाएको व्यहोरा आयोगमा सिफारिश गरेको "नेपाल स्वास्थ्य सेवा (दोस्रो संशोधन नियमावली, २०६१ को अनुसूची ७ (नियम १५ को उपनियम १) संग सम्बन्धित सेवाको हेल्थ एजुकेशन समूह अधिकृत नवौं तह (आ.प्र.) को लागि तोकिएको न्यूनतम योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातकोपाधि प्राप्त वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह उल्लेख भएको र आयोगले वि.नं.१०१६/०६१/६२ मा दरखास्त फाराम बुझाउने श्री विनोद विन्दु शर्मा, श्री सुनीलराज शर्मा र श्री वद्री बहादुर खड्काले पेश गरेको शैक्षिक उपाधिहरु सम्बन्धित विषयका स्नातक सरह पाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि. र नेपाल स्वास्थ्य व्यवसायी परिषदको स्तर निर्धारणको आधारमा देखिएकोले उजुरीकर्ताले दावी गरेको योग्यता नपुगेको भन्ने आधार मान्न सकिदैन।"

२. वस्तुगत उत्तरपुस्तिका परीक्षण प्रणालीलाई Computerized गर्ने सम्बन्धमा इञ्जिनियरिङ अध्ययन संस्थान पुल्चोक क्याम्पसका डा.सुवर्ण शाक्य सहितको सहभागितामा श्रीमान सचिवको कार्यकक्षमा मिति २०६३/६/३० र २०६३/७/१४ मा बैठक बसेको। साथै सो सम्बन्धी कार्य अगाडि बढाउने सन्दर्भमा टिप्पणी फायल पेश हुँदा श्रीमान सचिवबाट Software Develop गर्ने र Hardware खरिद गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय भएकोले आवश्यक कारबाहीको लागि सम्पूर्ण कागजातहरु संलग्न गरी सो सम्बन्धी फायल प्रशासन शाखामा पठाइएको।

३. सामान्य प्रशासन मन्त्रालयबाट परराष्ट्र मन्त्रालय अतिथि सत्कार विभागको नेपाल विविध सेवा राजपत्र अनंकित तर्फको हेड टेवुलब्वाई, सहायक कुक, हेड धोवी पदहरुको शैक्षिक योग्यता निर्धारण सम्बन्धमा माग भएको परामर्शका सन्दर्भमा मिति २०६३/४/८ र २०६३/५/१६ मा माननीय सदस्य श्रीमती विजया के.सी.को कार्यकक्षमा बसेको विज्ञहरुको बैठकले देहायको निर्णय गरेको :-

"माथि उल्लिखित विषयमा रा.प. अनं.तृतीय हेड टेवुल व्वाई/सहायक कुक पदका लागि दशम् कक्षा उत्तीर्ण गरी कम्तीमा ६ महीनाको तालिम प्राप्त र रा.प.अनं.द्वितीय श्रेणी इन्चार्ज टेवुल व्वाई र प्रमुख कुकका लागि

- क) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ३ महीनाको तालिम प्राप्त वा
- ख) दशम् कक्षा उत्तीर्ण गरी कम्तीमा ५ वर्षको अनुभव प्राप्त
- ग) इन्चार्ज टेवुल व्वाई र प्रमुख कुक पद भन्दा तल्लो पदमा निरन्तर १५ वर्षको अनुभव हासिल गरेको
- घ) रा.प.अनं. चतुर्थ श्रेणी हेड धोवीका लागि आठ कक्षा उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा ३ महीनाको तालिम प्राप्त, र

**रा.प.अनं.तृतीय श्रेणी वरिष्ठ हेड धोवी पदका लागि**

क) दशम् कक्षा उत्तीर्ण गरी कम्तीमा ३ महीनाको सम्बन्धित विषयमा तालिम प्राप्त वा

ख) आठ कक्षा उत्तीर्ण गरी कम्तीमा ५ वर्षको अनुभव

ग) वरिष्ठ हेड धोवी भन्दा तल्लो पदमा निरन्तर १५ वर्षको अनुभव हासिल गरेको ।

उपर्युक्तानुसारको शैक्षिक योग्यता र पद नाम राख्नु के कति उपयुक्त हुन्छ सामान्य प्रशासन मन्त्रालयमा छलफलको लागि पठाउने निर्णय भएबमोजिम उक्त विषय आयोगमा पेश हुँदा आयोगको निर्णय नं. १०८/०६३-६४, मिति २०६३/७/१६ मा "विषय विवरणमा उल्लेख भएको शैक्षिक योग्यताको प्रस्ताव विषयमा निजामती सेवा ऐन, २०४९ (दोस्रो संशोधन अध्यादेश, २०६२) खारेज भइसकेको अवस्था र निजामती सेवा ऐनमा संशोधन प्रस्ताव गरी संसदमा विचाराधिन रहेको हुँदा उक्त ऐन पारित भई आएपछिमात्र यस सम्बन्धमा विचार गर्न उपयुक्त हुने" निर्णय भएको ।

४. प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता प्रविधि अन्तर्क्रिया कार्यक्रम (गोष्ठी) २०६३ मंसिर २४, २५ र २६ गते महेन्द्रनगर, कञ्चनपुरमा सम्पन्न गरिएको ।

५. आयोगका सदस्य श्रीमती विजया के.सी.को संयोजकत्वमा गठित सामुहिक छलफल, मनोवैज्ञानिक परीक्षण, सीप परीक्षण र प्रश्नपत्र बैंक व्यवस्थापन सम्बन्धी निर्देशिका मस्यौदा तयारी कार्यदलले विभिन्न समयमा पटक पटक बैठक गरी सो सम्वन्धी निर्देशिका मस्यौदा तयार गरी आयोग समक्ष मिति २०६४।१।९ मा बुझाएको ।

६. आयोगको वि.नं.९७२।०६२/६३ कृषि सेवा, बाली संरक्षण समूहको बाली संरक्षण अधिकृत पदको लागि भएको विज्ञापनमा दरखास्त पेश गरी लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा समेत सामेल गराइसकेकोमा उम्मेदवारको शैक्षिक उपाधि एम.एस.सी. जुलोजी (Entomology) का सम्बन्धमा उब्जेको द्विविधा बारे माननीय सदस्य श्रीमती विजया के.सी.को कार्यकक्षमा विज्ञ सहित दुई चरणको छलफल हुँदा सम्बन्धित मन्त्रालयमा रायको लागि पठाउने निर्णय भएअनुसार राय माग गरिएकोमा कृषि तथा सहकारी मन्त्रालयको मिति २०६३।९।२०, प.सं. क.प्र.(कृषि) २/२०६३/०६४, च.नं.६०० को पत्रबाट नेपाल कृषि सेवा (गठन तथा श्रेणी विभाजन तथा नियुक्ति) नियमहरु, २०५० (संशोधन सहित) को नियम ७ अनुसूची ३ (च) मा Plant Protection समूहको रा.प.तृतीय श्रेणीको पदको लागि "मान्यता प्राप्त शिक्षण संस्थाबाट B.sc. (Agri.) वा Plant pathology वा Entomology मा M.sc. वा सो सरह उत्तीर्ण" भन्ने उल्लेख भएको तर सम्बन्धित उम्मेदवारले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धांकपत्रमा Master Degree In Zoology उल्लेख भएकोले नियमावलीमा उल्लिखित योग्यतासंग मेल खाने शैक्षिक योग्यता नदेखिएको भन्ने राय प्राप्त हुन आएको व्यहोरा आयोगमा पेश हुँदा आयोगबाट कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त राय अनुसार गर्ने भन्ने निर्णय भएको ।

७. आयोगबाट लिइने परीक्षा प्रणाली एवं निर्देशिकाहरु तथा लोक सेवा आयोग (कार्यविधि) नियमावली, २०५० मा परिमार्जनका लागि सुझाव दिन माननीय सदस्य डा. भीमदेव भट्टको संयोजकत्वमा गठित कार्यदलको विभिन्न समयमा ९ पटक बैठक बसी २०६३।११।९ मा परीक्षा प्रणाली परिमार्जन तथा सुझाव सम्बन्धी मस्यौदा प्रतिवेदन तयार गरी कार्यदलका संयोजकबाट आयोगका अध्यक्ष समक्ष पेश भएको ।

८. प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता प्रविधि विषयक कार्यशाला गोष्ठी मिति २०६४ जेठ ३० गते लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरु र सचिव लगायत

लोक सेवा आयोग केन्द्रीय कार्यालय तथा अन्तर्गत रहेका क्षेत्रीय तथा अञ्चल कार्यालयका कार्यालय प्रमुख तथा अधिकृतहरुको सहभागितामा उक्त विषयमा व्यापक छलफल भई गोष्ठी सम्पन्न भएको ।

९. निजामती कर्मचारीहरुको बढुवा सिद्धान्त तथा व्यवहार विषयक गोष्ठी मिति २०६४ जेठ ३१ गते सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, वरिष्ठ अधिवक्ताहरु, विभिन्न मन्त्रालय तथा निकायका सचिव एवं प्रतिनिधिहरु लगायत लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरु र अधिकृत कर्मचारीहरुको उपस्थितिमा विस्तृत छलफल कार्यक्रम सम्पन्न भएको ।

१०. उत्तरपुस्तिका परीक्षण सम्बन्धमा यस शाखालाई प्राप्त वि. नं ९५७, ९५८, ९५९ र ९६०।०६२-६३ रा.प. तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह खुला तथा आ.प्र.को अन्तिम चरणको परीक्षाको Abstract Reasoning, Numerical Test, समस्या समाधानको उत्तरपुस्तिका र नेपाल प्रहरी सेवा, प्रहरी निरीक्षक पदको सामान्य ज्ञान वस्तुगत बहुउत्तर पुस्तिका, स.प्र.स.नि. र प्र.स.नि.को मनोविज्ञान परीक्षण (I.Q.) सम्बन्धी वस्तुगत उत्तरपुस्तिका परीक्षण कार्य सम्पन्न भएको ।

## पाठ्यक्रम निर्माण/परिमार्जन:

यस प्रतिवेदन अवधिमा स्वास्थ्य सेवा तर्फका २ वटा, इञ्जिरियरिङ्ग सेवा तर्फका ३ वटा पाठ्यक्रमहरुको निर्माण सम्पन्न भयो । न्याय र प्रशासन सेवाका सबै समूह, उपसमूहका सबै श्रेणीका पदहरुका पुरानो पाठयक्रममा भएका पुरानो संविधान, ऐन, नियम सम्बन्धी पाठयाशंहरु नयाँ संविधान र संशोधित ऐन, नियमहरु अनुरुप परिमार्जन र अद्यावधिक गरियो । संसद सेवाको पाठ्याशंहरु नयाँ संविधान र संशोधित ऐन, नियमहरु अनुरुप परिमार्जन गर्ने कार्य जारी रहेको छ । विविध सेवा, शिक्षा सेवा, स्वास्थ्य सेवाका केही समूह तथा उपसमूहहरुको पाठयक्रमहरु निर्माण एवं परिमार्जनको क्रममा रहेको छ । हालसम्म निर्माण सम्पन्न भई सकेका पाठ्यक्रमहरुलाई वेवसाईटमा राख्ने कार्य सम्पन्न भई सकेको छ । Soft Copy नभएकालाई Soft Copy तयार गरी वेवसाईटमा राख्ने काम जारी छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची ३४ मा समावेश गरिएको छ ।

# परिच्छेद - ७

# विविध

## ७.१ पुस्तकालय सञ्चालन र सेवा सुधार

आयोगको पुस्तकालय सुदृढीकरण गर्ने क्रम यस आर्थिक वर्षमा पनि जारी रह्यो। यस पुस्तकालयले आयोगको लागि आवश्यक भएका विभिन्न पाठ्य सामग्रीहरु खरिद गरी पाठकवर्गहरुलाई उपलब्ध गराइ सेवा प्रदान गर्ने गरेको छ। यस आ.व. २०६३/६४ मा पुस्तकालयको लागि साधारण तर्फको बजेट रु. २६,९१९/५ र विकास कार्यक्रमको रु. १,२७,३८८/९० बाट विभिन्न विषयका ४२४ प्रकारका नयाँ पुस्तकहरु खरिद गरिएको र साधारण बजेटबाटै विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक पत्रपत्रिकाहरु एवं अन्य महत्वपूर्ण Journal हरु वार्षिक ग्राहकका रुपमा खरिद गरी रु १,९६,५१५/- यस आर्थिक वर्षमा जम्मा रु. ३,२३९०३/९० (तीन लाख तेइस हजार नौसय तीन रुपैया नब्बे पैसा) खर्च भएको छ।

विभिन्न संवैधानिक अङ्गहरु, मन्त्रालयहरु, विभाग, आयोग, प्रतिष्ठान, सरकारी कार्यालय एवं गैरसरकारी संघ-संस्थाहरुबाट वार्षिक प्रतिवेदन लगाएत ११७ प्रकारका प्रकाशित सामग्रीहरु निशुल्क रुपमा प्राप्त भएकोले ती सम्पूर्ण सामग्रीहरुलाई पुस्तकालयमा व्यवस्थित गरिएको छ।

यस आर्थिक वर्ष ०६३/६४ मा पुस्तकालयमा राखिएको आगन्तुक पुस्तिकाको अभिलेख अनुसार दैनिक २०।२५ जना गरी वार्षिक ११०० भन्दा बढी बाहिरको पाठकवर्ग एवं अनुसन्धानकर्ताहरु पुस्तकालय प्रयोगको लागि आएको देखिन्छ।

## ७.२ जनशक्ति विकास र तालिम

यस अवधिमा आयोगका ३१ जना कर्मचारीहरूलाई विभिन्न विषयको तालिम लिन स्वदेशी तथा विदेशी संस्थाहरूमा पठाइयो। राजपत्रांकित कर्मचारीहरु तर्फ १४ जना र राजपत्र अनंकित तर्फ १७ जना रहेका थिए। ३ जना राजपत्रांकित कर्मचारीलाई विदेशी तालिममा पठाइयो। त्यसैगरी Basic Computer Training को लागि १२ जना कर्मचारीहरुलाई स्वदेशी संस्थामा पठाइयो। यस सम्बन्धी थप विवरण अनुसूची ३५ मा समावेश गरिएको छ।

## ७.३ निर्माण तथा खरिद

यस आर्थिक वर्षमा आयोगले कम्प्युटर सेट १२ थान, लेजर प्रिन्टर २ थान, फोटोकपी मेशिन ५ थान, यु.पि.एस.१२ थान, लेजर प्रिन्टर १४ थान, सवारी साधन (कार) १ वटा र स्क्यानर ६ थान जम्मा ५१ थान उपकरणहरु र १ वटा कार खरिद गरियो। आयोगको अनामनगर स्थित जग्गामा केन्द्रीय कार्यालयको भवन निर्माणको लागि दोस्रो चरणको कार्य संचालन भएको छ।

## ७.४ गोष्ठी सञ्चालन

यस अवधिमा आयोगको ५७ औं वार्षिकोत्सव कार्यक्रम मनाइयो। आयोगको काम कारबाहीलाई सुव्यवस्थित गर्ने र परीक्षा प्रणालीलाई स्तरीय बनाउँदै लैजाने उद्देश्यले प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता प्रविधि अन्तर्क्रिया कार्यक्रम गोष्ठी २०६३

मंसिर २४, २५ र २६ गते महेन्द्रनगर कञ्चनपुरमा र २०६४ जेठ ३० गते लोक सेवा आयोगको केन्द्रीय कार्यालयमा अध्यक्ष, सदस्यहरु र सचिव लगायत लोक सेवा आयोग केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयका कार्यालय प्रमुख तथा अधिकृतहरुको सहभागितामा उक्त विषयमा छलफल भई गोष्ठी सम्पन्न भयो। त्यसैगरी पाठ्यक्रम परिमार्जनार्थ ३ दिने कार्य विश्लेषण कार्याशाला गोष्ठी इलाममा र सोही विषयको २ दिने गोष्ठी सोही विषयमा जुम्लामा सम्पन्न भयो।

## ७.५ छपाइ तथा प्रकाशन

यस अवधिमा लोक सेवा आयोगको निजामती सेवा पत्रिका वर्ष २७ अङ्क १ र २ प्रकाशन गरियो। साथै साप्ताहिक बुलेटिन वर्ष २४ अङ्क १ देखि ४२ सम्म जम्मा ४२ वटा अङ्क बुलेटिन छपाइ तथा प्रकाशन भयो। यस आर्थिक वर्षमा माग फाराम २५०० थान, खरिद आदेश फाराम २५०० थान, प्रारम्भिक प्रमाणपत्र ५०० थान, ४४ औं, ४५ औं र ४६ औं वार्षिक प्रतिवेदन ३०० का दरले ९०० थान र ४७ औं प्रतिवेदन ५०० थान, मूल दर्ता किताब ५०० थान, मूल चलानी किताब ५०० थान र आयोगको वार्षिकोत्सव समारोहमा विमोचन गर्न २ वटा "बढुवा उजुरी सम्बन्धी निर्णय सार संग्रह" र "Issues on Public Service Commission" नामक पत्रिकाको छपाइ गरियो।

## परिच्छेद - ८

# आयोगका समस्या र सुझाव

## ८.१ आयोगले व्यहोर्नु परेका समस्या र समाधानका उपायहरू

लोक सेवा आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३, निजामती सेवा ऐन, २०४९ (संशोधन सहित), नेपाल संसद सेवा ऐन, २०५८, लेखापरीक्षण सेवा नियमावली, २०५० अनुसार विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी/तहका रिक्त पदहरुमा पदपूर्ति गर्ने सिलसिलामा विगतमा जस्तै यस आर्थिक वर्षमा पनि नीतिगत एवं भौतिक सुविधा लगायतका समस्याहरु व्यहोर्नु परेको छ। प्रतिवेदन अवधिमा कार्यसम्पादनको क्रममा आयोगले सामना गरेका समस्याहरु र ती समस्याहरुको संवोधन गर्ने क्रममा आर्जन गरेको अनुभव समेतबाट समस्याहरुलाई मूल रुपमा तीन बृहत समूहमा विभाजन गर्नु उपयुक्त ठानिएको छ।

१) भौतिक सामग्री सम्बन्धी र आर्थिक समस्या
२) जनशक्ति सम्बन्धी समस्या
३) नीतिगत समस्या

प्रचलित कानून बमोजिम आयोगको कार्यक्षेत्रमा विस्तार देहायअनुसार हुन गएको छः

१. नेपालको अन्तरिम संविधान, २०६३:
   - नेपाल प्रहरी सेवा, सैनिक सेवा र सशस्त्र प्रहरी सेवाको पदपूर्ति प्रक्रियामा आयोगलाई संलग्न गराएको
   - सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवा सर्त सम्बन्धी विषयमा आयोगको परामर्शदायी भूमिका स्थापन गरेको।

२. स्थानीय स्वायत्त शासन नियमावली, २०५६
   - जिल्ला विकास समिति, नगरपालिका र गाँउ विकास समितिको पदपूर्ति सम्बन्धी प्रक्रियामा आयोगको संलग्नता स्थापित गराएको।

३. निजामती सेवा दोस्रो संशोधन ऐन, २०६४
   - निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरुमा विभिन्न समूहका उम्मेदवारहरु बीच छुट्टछुट्टै प्रतिस्पर्धा गराउनु पर्ने प्रावधान गरेबाट परीक्षा संख्या र यस सम्बन्धी सहायक कार्यहरुमा तदअनुरुप बृद्धि हुन गएको।
   - अपाङ्ग र महिला विकासका कर्मचारीहरु पदपूर्ति सम्बन्धमा छुट्टै व्यवस्था भएको।

यस क्रममा अनुभव गरिएका प्रमुख समस्याहरु र तिनको सम्भावित समाधानका उपायहरु समेत समावेश गरी तल प्रस्तुत गरिएको छ।

## १) भौतिक सामग्री सम्बन्धी र आर्थिक समस्या :

### क) कार्यालय भवन सम्बन्धी :

आयोगको केन्द्रीय कार्यालयका लागि काठमाडौं, अनामनगरमा नयाँ भवन निर्माणाधिन छ। सो भवन आगामी २०६५ बैशाख १ गते अगावै निर्माण सम्पन्न गरी नयाँ वर्षको अवसर पारेर २०६५ बैशाख १ देखि नयाँ भवनबाटै काम कारबाही गर्ने लक्ष्यका साथ द्रुत गतिमा निर्माण कार्य भईरहेको छ। यस कार्यमा आवश्यक स्रोत साध जुटाउन सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय अर्थमन्त्रीज्यू र राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यू लगायत सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु प्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

विगतको द्वन्द्वको क्रममा पूर्णरुपमा क्षतिग्रस्त आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाको भवन गृह मन्त्रालयबाट विनियोजित बजेट अन्तर्गत पुनः निर्माण भइरहेको छ। पुनः निर्माण भइरहेको उक्त भवन सो कार्यालयको आवश्यकता परिपूर्तिको लागि अपर्याप्त हुने भएकोले सो भवनको तला थप्ने लगायतका कार्यहरु गरी आयोगको आवश्यकता बमोजिम बनाउन थप बजेटको व्यवस्था हुनु आवश्यक छ। यसका अतिरिक्त द्वन्द्वकै क्रममा आशिंक रुपमा क्षति पुगेका भवनहरुको समेत उचित मर्मत सम्भार गर्नु आवश्यक छ।

एकातर्फ केन्द्रीय कार्यालयको भवन निर्माण भएपछि त्यसलाई आवश्यकता अनुसार फर्निसिङ गर्न थप साधनको आवश्यकता पर्ने अवस्था छ भने केन्द्रमा मात्र सुविधा सम्पन्न तर अञ्चल तथा क्षेत्रीयस्तरमा आवश्यक सुविधा पुऱ्याउन नसक्दा समग्रमा आयोगको काम कारबाही अपेक्षित सुगमताका साथ सम्पन्न गर्न कठिन हुने कुरा निर्विवाद छ। आयोगका अञ्चल कार्यालयहरु मध्ये सगरमाथा अञ्चल कार्यालय, दिक्तेल आफ्नो भवनमा नभई भाडाको भवनबाट संचालित छ। अन्य कार्यालयहरुका आफ्नै भवन भएता पनि अपर्याप्त सुविधा, साना कोठाहरु र नियमित मर्मत सम्भारका लागि पर्याप्त बजेटका अभावमा जिर्ण अवस्थामा रहेका छन्।

यस बीच नेपालको अन्तरिम संविधान, २०६३, निजामती सेवा दोस्रो संसोधन ऐन, २०६४, स्थानीय स्वायत्त नियमावली, २०५६ र पछिल्लो समयमा आएर नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरी सम्बन्धी भर्ना र छनौट प्रक्रियामा समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा आयोगको संलग्नता रहने व्यवस्था भएको अवस्थामा परम्परागत रुपमा आयोगबाट सम्पादन हुँदै आएको कार्य र कार्यक्षेत्रमा उल्लेखनीय विस्तार हुन गई अन्य कुराका अतिरिक्त विद्यमान भौतिक संरचना अपर्याप्त हुन गएको महसुस गरिएको छ।

यस बाहेक आयोगबाट नियमित रुपमा सञ्चालन गरिने विभिन्न प्रतियोगितात्मक परीक्षाका लागि स्थानीय विद्यालय तथा क्याम्पसहरुका कक्षाकोठालाई परीक्षा भवनको रुपमा प्रयोग गरिदै आएको छ तर बेलावखत त्यस्ता विद्यालय तथा क्याम्पसको आन्तरिक कारण तथा अन्य विविध समस्याले गर्दा परीक्षा भवन उपलब्ध हुन गाह्रो परेका अनुभवहरु आयोगसंग छन्।

**समाधानका उपायहरुः**

माथि उल्लेखित समस्याहरु समाधानका लागि देहायअनुसारका उपायहरु अवलम्बन गर्नु उपयुक्त देखिन्छ।

१. आयोगको केन्द्रीय कार्यालय फर्निसिङका लागि पर्याप्त बजेट उपलब्ध गराउने।

२. द्वन्द्वको क्रममा क्षतिग्रस्त आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयको भवनलाई बदलिदो आवश्यकता, जिम्मेवारी र कार्यक्षेत्र समेतलाई दृष्टिगत गरी थप विस्तार गर्न आवश्यक प्रबन्ध मिलाउने। आशिंक रुपमा क्षति भएका भौतिक संरचनाहरुको मर्मत सम्भार लगायतका कामको लागि आवश्यक बजेटको व्यवस्था गर्ने।

३. आयोगको सगरमाथा अञ्चल कार्यालय, दिक्तेलको भवन निर्माणका लागि नेपाल सरकारले प्राथमिकताका साथ बजेटको व्यवस्था गर्ने।

४. भवन भएतापनि अपर्याप्त रहेका अन्य कार्यालयहरुको लागि क्रमशः सुविधा सम्पन्न गराउदै लग्ने नीति लिने। यस कामका लागि आवश्यकताअनुसार बैदेशिक सहयोग समेत परिचालन गर्नु उपयुक्त हुने।

५. आयोगबाट संचालन गरिने परीक्षाका लागि आयोगको हरेक क्षेत्रीय तथा अञ्चल कार्यालयहरुमा न्यूनतम ५० जना सम्मको परीक्षा लिन मिल्ने परीक्षा हल निर्माण गर्नु उपयुक्त हुने।

**ख) परिवहन सम्बन्धी समस्या :**

आयोगको केन्द्रीय कार्यालयमा हाल सीमित रुपमा सवारी साधनहरु रहेका छन्। क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुमा पनि सवारी साधनको अभाव छ। भएका सवारी साधनहरु पनि पुरानो भई मर्मत सम्भारमा ठूलो खर्च लाग्ने र केही मर्मत सम्भार समेत गर्न नसकिने अवस्थामा छन्। परीक्षा सञ्चालन गर्नको लागि आयोगको कार्यालयबाट परीक्षा केन्द्रसम्म उत्तरपुस्तिका, प्रश्नपत्रहरू र परीक्षासम्बन्धी अन्य सामग्री पुऱ्याउन समेत साह्रै समस्या परेको छ। चार पांग्रे सवारी साधन बाहेक मोटरसाइकलहरुको संख्या केन्द्रीय कार्यालयमा समेत नभए तुल्य छ। यसबाट सानोतिनो कामको लागि समेत मोटरको प्रयोग गर्नुपर्ने, भनेको बेलामा मोटर उपलब्ध हुन नसक्ने र खर्च समेत बढी लाग्ने अवस्था विद्यमान छ। सवारी साधनहरूको अभावले विभिन्न परीक्षाहरूसँग सम्बन्धित संवेदनशील र गोप्य कागजातहरूको सुरक्षित ढुवानी गराउने काममा बाधा परेको तथ्यलाई दृष्टिगत गरी चारपांग्रे सवारी साधनको व्यवस्था यथाशीघ्र हुन जरुरी छ।

संविधान, ऐन, कानून आदिको प्रावधानबाट आयोगको कार्यक्षेत्रमा विस्तार भइ आयोगको जनशक्ति परिचालनमा बृद्धि हुने, परीक्षाको संख्या, सिफ्ट, दिन बढ्ने जसको परिणामस्वरुप अन्य आन्तरिक काम कारबाहीमा समेत बढोत्तरी हुने भएकोले हाल विद्यमान सवारी साधनलाई आवश्यकता अनुसार बृद्धि गर्ने र हल्का (साना) सवारी साधन (मोटरसाइकल) समेत पर्याप्त संख्यामा उपलब्ध गराउन आवश्यक भैसकेको छ।

**समाधानका उपायहरुः**

आयोगको केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालयमा ल्याउन र लैजानका लागि कम्तीमा ३ वटा स्टाफ बस आवश्यक छ।

आयोगको कार्यक्षेत्र विस्तार भएको अवस्थामा क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुमा कम्तीमा पनि १/१ वटा मोटर र २/२ वटा मोटरसाइकल थप गर्नुपर्ने। केन्द्रीय कार्यालका लागि मोटरको संख्या दोब्बर र कम्तीमा ३० वटा मोटरसाइकल खरिद गर्न आवश्यक बजेटको व्यवस्था गर्नु पर्ने।

**ग) सञ्चार साधन तथा अभिलेख सम्बन्धी समस्या :**

सूचना प्रविधिको बढ्दो उपयोग संगै लोक सेवा आयोगको काम कारबाहीहरुलाई समेत आधुनिक प्रविधिको माध्यमबाट परिस्कृत र बैज्ञानिक पद्धतिबाट संचालन गर्न ढिला भइसकेको छ। सूचना प्रविधिको आजको युगमा समेत आयोगले दरखास्त संकलन गर्ने त्यस सम्बन्धी तथ्यांक प्रशोधन गर्ने, परीक्षा संचालन गर्ने, नतिजा प्रकाशन गर्ने जस्ता कम्प्युटरको माध्यमबाट अतिदक्षताका साथ सम्पादन गर्न सकिने कार्यलाई समेत Manual रुपमा गरिदै आएको छ। यस परिप्रेक्ष्यमा आयोगका कार्यहरुलाई तत्काल Automation मा लग्नु आवश्यक छ। अन्तरिम संविधानको प्रावधान र निजामती सेवा ऐन संशोधन पश्चात स्वभाविक रुपमा बढ्न जाने परीक्षा संख्यालाई दक्षतापूर्वक व्यवस्थित गर्न Computarized प्रणाली लागू गर्नु अत्यावश्यक भइसकेको छ।

आयोगको क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुमा प्रभावकारी दोहोरो सञ्चारको व्यवस्था गर्न र तथ्यांक तथा सूचना प्रशोधन र केन्द्र, क्षेत्र र अञ्चलको तथ्यांक Tieup गर्न आवश्यक छ, तर अञ्चल र क्षेत्रमा पर्याप्त मात्रामा कम्प्युटरको अभाव, जनशक्तिलाई सूचना प्रविधिसम्बन्धी तालिमको र Internet Connectivity को समेत अभाव छ।

आयोगले Host गरिरहेको Website समेत Server को अभावमा अन्यत्र (World Link) बाट Hosting भइरहेको छ। सोही Website समेतमा हालसम्म Anti-Hacking Mechanism समेत व्यवस्था सकिएको छैन। आयोगको तथ्यांक तथा सूचना प्रशोधनको लागि आवश्यकता अनुसार Software निर्माण गरी उपयोग गर्न सकिएको छैन।

आयोगले हालै आयोगको Website बाट Download गरी दरखास्त फाराम प्राप्त गर्न सकिने व्यवस्था गरेको छ यो व्यवस्था मात्र पर्याप्त छैन आगामी दिनमा Online Application Form भर्ने व्यवस्था मिलाउनु पर्ने र भविष्यमा Online Examination Conduct तर्फ समेत सोच्न आवश्यक भइसकेको छ।

**समाधानका उपायहरुः**

१. थप स्रोत र साधनको व्यवस्था गर्ने।

२. आवश्यक जनशक्तिलाई समय सापेक्ष स्वदेशी तथा विदेशी तालिम दिने।

**घ. भौतिक सामग्रीको अभाव :**

आयोग र अन्तर्गतका कार्यालयहरूमा पर्याप्त रुपमा फ्याक्स, कम्प्युटर, फोटोकपी, फर्निचर, Power Generattor, Invertor, Online UPS र टेलिफोन लाइन लगायत अन्य आवश्यक भौतिक सामग्रीहरूको उपलब्ध हुन सकेको छैन।

**समाधानका उपायहरुः**

आवश्यक संख्यामा भौतिक सामग्री उपलब्ध गराउनका लागि बजेटको व्यवस्था हुनुपर्ने।

**ङ. आर्थिक समस्या :**

आयोगका कामको लागि बजेटको कमी सधैं नै समस्याको रुपमा रहिआएको छ। एकातिर प्रतिवर्ष आयोगको कार्यबोझ बढ्दै गएको छ भने अर्कोतिर सोही अनुरुप बजेटमा बृद्धि हुन सकेको छैन। आयोगको धेरै खर्च परीक्षा सञ्चालनमा हुने गरेको छ। परीक्षा सञ्चालनको लागि हुने अनुमानित खर्चभन्दा निकै कम निकासा हुने र पटक पटक थप रकमको लागि नेपाल सरकारसँग माग गर्नुपर्ने अवस्था विद्यमान रहेकोले परीक्षा सञ्चालन लगायत निरीक्षण, अध्ययन, अनुसन्धान र तालिम जस्ता संगठनात्मक सुदृढीकरणका कार्यहरूमा कठिनाई भोग्नु परिरहेको छ।

आयोगलाई स्रोत उपलब्ध गराउने सन्दर्भमा नेपाल सरकारबाट न्यून प्राथमिकतामा लोक सेवा आयोग पर्ने गरेको आभास आयोगले गरेको छ। वैदेशिक सहयोग परिचालनमा समेत आयोगलाई उचित स्थान दिन नसकिएको अवस्था छ। यसरी लोक सेवा आयोगलाई सरकारले अपेक्षित र समयानुकूल सुदृढ गर्न पर्याप्त ध्यान दिन नसकेको देखिन्छ।

**समाधानका उपायहरु :**

आयोगबाट माग भए बमोजिमको बजेट आर्थिक वर्षको शुरुमा नै प्राप्त हुनु पर्ने र आर्थिक वर्षको बीचमा थप बजेट माग गर्नु पर्ने अवस्थाको अन्त्य हुनु जरुरी छ।

## २) जनशक्ति सम्बन्धी समस्या :

आयोगको कार्यप्रकृति अनुरुप जनशक्तिको समस्या प्रारम्भिक कालदेखि नै रहिआएको छ। आयोगमा कार्यरत कर्मचारीहरूका लागि कर्मचारी व्यवस्थापनका विविध पक्ष लगायत परीक्षापद्धति, पाठ्यक्रम विकास तथा अनुसन्धान एवं परीक्षण प्रविधि जस्ता क्षेत्रमा

वैदेशिक तालिम तथा अध्ययनको उचित व्यवस्था हुन सकेको छैन। फलस्वरुप नयाँ ज्ञान, सीप र प्रविधिको उपयोग कर्मचारीहरूबाट अपेक्षित मात्रामा गराउन सकिएको छैन। आयोगमा कर्मचारीहरु आउन नरुचाउने र आयोगमा पदस्थापना भएको कर्मचारीहरुले पनि उत्प्रेरित भई कार्यमा दत्तचित्त रहन नसकेको पाइन्छ । आयोगका सचिव पनि वारम्वार फेरवदल भै रहनुले समस्या अझ जटील भएको छ ।

आयोगको कार्यक्षेत्रमा भएको विस्तार संगै केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयहरुमा मौजुदा दरबन्दीमा पुनरावलोकन गरी मुख्य रुपमा अधिकृतस्तरका दरबन्दी थप गर्नुपर्ने, अञ्चल कार्यालयहरुमा उपसचिवस्तरको कार्यालय प्रमुख रहने र क्षेत्रीय निर्देशनालयहरुमा सहसचिव स्तरको क्षेत्रीय निर्देशक रहने व्यवस्था गर्नु पर्ने र सोही अनुपातमा अन्य दरबन्दी समेत समायोजन गर्नु आवश्यक छ ।

निजामती सेवालाई समावेशी बनाउन हालै संशोधित निजामती सेवा ऐनमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारहरुबीच छुट्टाछुट्टै प्रतिस्पर्धा हुने प्रावधान भएबाट आयोगको विज्ञापनमा दरखास्त बुझाउन र परीक्षामा सहभागी गराउने प्रयोजनका लागि आयोगको संगठन जिल्ला स्तरसम्म पुऱ्याउन आवश्यक देखिएको छ। यसका लागि प्रारम्भमा हरेक जिल्लामा कम्तीमा ना.सु.स्तरको एक जना कर्मचारी आयोगबाट खटाउने वा सो जिल्लामा कार्यरत कुनै एक सरकारी कार्यालयको कर्मचारीलाई यस सम्बन्धी जिम्मेवारी दिने गरी व्यवस्था गर्नु आवश्यक भइसकेको छ।

**समाधानका उपायहरुः**

जनशक्ति सम्बन्धी समस्यालाई देहायका प्रावधानहरुबाट समाधान गर्न सकिन्छ :

१. आयोगमा कार्यरत कर्मचारीहरुलाई वैदेशिक छात्रवृत्ति तथा तालिममा अध्ययन गर्न जान उच्च प्राथमिकता दिने ।

२. कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप अन्य आयोग तथा सचिवालयहरुमा जस्तै कम्तीमा तलबको ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

३. आयोगको संगठन संरचनामा आवश्यकता अनुसार परिवर्तन गरी थप दरबन्दीको व्यवस्था गर्ने ।

४. हरेक जिल्लास्तरसम्म आयोगको कार्यक्षेत्र विस्तार गरी कम्तीमा एक डेस्क स्थापना गर्ने तर्फ नेपाल सरकारबाट नीतिगत निर्णय गरी कार्यान्वयन गर्नु पर्ने ।

आयोगको कार्यप्रकृति अनुरुप प्रभावकारी कार्यसञ्चालनको लागि कार्यप्रकृतिसँग मिल्ने किसिमका वैदेशिक अध्ययन र तालिमहरू हरेक वर्ष निश्चित संख्यामा कर्मचारीहरूलाई उपलब्ध गराउने व्यवस्था हुन जरुरी छ। साथै आयोगको कार्य प्रकृतिलाई दृष्टिगत गरी आयोगबाट कर्मचारी अन्यत्र सरुवा गर्दा र अन्यत्रबाट कर्मचारी आयोगमा पठाउँदा आयोगको सहमति लिने व्यवस्था हुनुपर्ने देखिन्छ। यसका अतिरिक्त आयोगबाट प्रतियोगितात्मक परीक्षामा उच्च स्थान हासिल गर्ने उम्मेदवारहरुलाई पहिलो पदस्थापना आयोगमै गर्न उपयुक्त हुने देखिन्छ। आयोगमा पदस्थापना भएका सचिव कम्तीमा २ वर्ष रहनु पर्ने व्यवस्था हुनु पनि जरुरी छ।

## ३) नीतिगत समस्या :

आयोगको कार्यक्षेत्रमा विस्तार संगसंगै परीक्षा संचालनको हालको मौजुदा व्यवस्थामा समयानुकूल परिवर्तन गर्नु आवश्यक भएको छ। यस क्रममा हालसम्म आयोगको केन्द्रीय कार्यालय र क्षेत्रीय निर्देशनालयहरुबाट संचालन गरिदै आएको रा.प.तृतीय श्रेणी

अप्राविधिक पदको परीक्षा संचालन सम्बन्धी जिम्मेवारी आयोगको अञ्चल कार्यालयहरुसम्म पुऱ्याउन आवश्यक छ । यस वाहेक आयोगले महसुस गरेका मुख्य मुख्य नीतिगत समस्यहरुलाई देहायहरुसा प्रस्तुत गरिएको छ ।

**क. विज्ञापन र पदपूर्ति सम्बन्धी समस्या :**

पदपूर्तिका लागि सम्बद्ध निकायहरूले समयमा नै माग फाराम पठाउनुका साथै विज्ञापन हुनुभन्दा अगावै दरबन्दी कटौतीमा परेका पदसंख्या भए सोको जानकारी समयमै आयोगलाई दिनुपर्ने कुरामा सम्बन्धित निकायको पर्याप्त ध्यान पुगेको पाइंदैन । फलस्वरुप विज्ञापन लगायतका कार्यहरुमा ढिलाई हुने गरेको छ ।

**समाधानका उपायहरुः**

पदपूर्तिको लागि सम्बन्धित निकायहरुले आयोगको कार्यतालिका अनुसार विज्ञापनको सूचना प्रकाशन गर्ने समयभन्दा कम्तीमा १ महीना अगाडि रिक्तपदको माग आकृति फाराम भरी आयोगमा पठाउने व्यवस्था हुन जरुरी देखिन्छ ।

**ख. विभागीय कारबाही सम्बन्धी समस्या :**

निजामती कर्मचारीहरूलाई विभागीय सजाय गर्न यस आयोगको परामर्श माग गर्दा कतिपय कार्यालयहरूले कसूरको मात्रा अनुसार सजाय प्रस्ताव नगरी गम्भीर किसिमको कसूरमा फितलो सजाय र फितलो किसिमको कसूरमा गम्भीर सजाय प्रस्ताव गरी परामर्श माग गर्ने तथा समान प्रकृतिको कसूरमा पनि फरक फरक सजाय प्रस्ताव गरी परामर्श माग गर्ने गरेको देखिएको छ । साथै यसरी विभागीय सजायका लागि परामर्श माग भई आउँदा धेरै वर्षपछि (१८ वर्ष पछि पनि) परामर्श माग गरी आउने गरेको देखिएको छ । साथै विभागीय सजायको लागि आयोगको परामर्श माग गरेकोमा परामर्श दिएपछि पनि लामो समयसम्म त्यसको कार्यान्वयन नभएको उदाहरण समेत पाइएका छन ।

**समाधानका उपायहरुः**

एउटै प्रकृतिको कसूरमा विभिन्न किसिमका सजाय प्रस्ताव गरी पठाउने प्रचलनलाई निरुत्साहित गर्न कसूरको गम्भीरताको अनुपातमा सो को मात्रा अनुसार सजाय प्रस्ताव गर्ने र एउटै कसूरमा एकै खालका सजाय प्रस्ताव गरी एकरुपता कायम गर्ने तर्फ सम्बन्धित निकायले ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । साथै विभागीय कारबाहीको लागि सजायको प्रस्ताव ढिलो गरी आउने गरेको प्रचलनलाई निरुत्साहित गर्न समयमा नै विभागीय कारबाहीको लागि परामर्श माग गर्न सम्वद्ध निकायबाट सर्तकता अपनाइनु पर्ने देखिन्छ ।

**ग. कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी समस्या :**

- कार्यक्षमताको आधारमा गरिने बढुवा प्रयोजनको लागि तयार पारिएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कनकर्ताको दस्तखत मात्र हुने गरेको तर नाम र दर्जा उल्लेख नहुने गरेकोले मूल्याङ्कनकर्ताको पहिचान गर्न समेत कठिनाई भएको छ ।
- कतिपय अवस्थामा सम्बन्धित कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम अधिकारप्राप्त अधिकारीबाट मूल्याङ्कन भएको हो, होइन भनी यकीन गर्नमा समेत मुश्किल पर्ने गरेको छ ।

**समाधानका उपायहरु :**

कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कनकर्ताको नाम र कुन दर्जाको हो भन्ने जानकारीको लागि सबै मूल्याङ्कनकर्ताको दस्तखत र मितिको साथै नाम र दर्जा समेत अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने कानुनी व्यवस्थालाई पालना गर्नु जरूरी छ। साथै कार्यसम्पादन मूल्यांकन फाराममा देखा परेका प्राविधिक त्रुटीहरुलाई निराकरण गरी यस मूलयांकन प्रणालीको गरिमा एवं मर्यादा कायम राख्न प्रत्येक बर्षको भाद्र महिनाको अन्तिम हप्तालाइ कार्यसम्पादन मूल्यांकन सप्ताहको रुपमा मनाउने परिपाटी बसाउनु उपयुक्त हुने देखिन्छ।

**घ. प्रमाणपत्र सम्बन्धी समस्या :**

कतिपय निजामती कर्मचारीहरुले बढुवा प्रयोजनको लागि स्वदेशी तथा विदेशी विश्वविद्यालयहरुबाट शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली पेश गर्ने गरेको कारण बढुवा कार्यसम्पादन गर्न समस्या भएको छ

**समाधानका उपायहरुः**

नक्कली प्रमाणपत्रहरु प्रदान गर्ने संस्था, प्राप्त गर्ने व्यक्ति दुवैलाई कडा सजाय गर्ने व्यवस्था हुनुपर्ने  देखिन्छ।

# परिच्छेद - ९

## भविष्यमा निजामती सेवामा सुधार गर्नुपर्ने विषयहरु

### ९.१ निजामती सेवाको तह वा श्रेणीमा एकरुपता कायम गर्ने :

निजामती सेवाको श्रेणीगत व्यवस्थालाई तहगत प्रणालीमा रुपान्तरण गरिने भन्ने प्रावधान निजामती सेवा ऐन, २०४९ को दफा ४ (क) मा रहेको देखिन्छ । तर हालसम्म निजामती सेवामा विद्यमान रहेको श्रेणीगत प्रणालीलाई तहगत प्रणालीमा रुपान्तरण एवं एकीकरण गरिएको छैन । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लागू भएपछि स्वास्थ्य सेवा तर्फ भने तहगत प्रणाली प्रचलनमा आइसेकेको हुँदा यस तर्फ एकरुपता कायम गर्नु उपयुक्त हुने देखिन्छ ।

### ९.२ शैक्षिक योग्यता सम्बधमा :

नेपाल सरकारले विभिन्न सेवा सम्बन्धी नियमहरू अन्तर्गत तोकिएका शैक्षिक योग्यताहरूमा "सो सरह" भन्ने शब्द राख्ने गरेको, सो शब्दले कुन कुन योग्यतालाई लिने भन्ने कुरामा अस्पष्टता हुने, पदपूर्ति गर्ने कार्यमा जटिलता आइपर्ने र आयोगले यस विषयको निर्क्योल गर्न धेरै समय खर्चिनु परिरहेको साथै यस विषयमा जनगुनासो पनि सुन्नु परिरहेको अवस्था छ ।

त्रिभुवन विश्वविद्यालयले श्रेणी नखुलेका शैक्षिक उपाधिको श्रेणी निर्धारणको कार्य मिति २०५८/३/५ देखि नै स्थगित गरेको र नेपालका अरु विश्वविद्यालयहरुबाट त्यस्ता शैक्षिक उपाधिको श्रेणी निर्धारण गर्ने प्रचलन नरहेकोले निजामती कर्मचारीले हासिल गरेका शैक्षिक उपाधिहरुको श्रेणी निर्धारण गर्न द्विविधा उत्पन्न भएको छ ।

सम्बन्धित सेवा, समूह सम्बन्धी नियमावलीहरूमा सेवा, समूह, उपसमूह र पदको लागि आवश्यक शैक्षिक योग्यता स्पष्ट रुपमा किटान भएमा शैक्षिक योग्यता सम्बन्धी जटिलता हट्न जाने देखिन्छ। श्रेणी नखुलेका शैक्षिक उपाधिहरूको श्रेणी निर्धारणको कार्य त्रिभुवन विश्वविद्यालयबाट स्थगित राखिएकोले निजामती सेवामा पर्न सक्ने यस्ता समस्याको समाधान गर्न प्रचलित सेवा समूह सम्बन्धी कानुनमा संशोधनको लागि आवश्यक पहल हुनु जरुरी देखिन्छ।

### ९.३ निजामती सेवामा वृत्तिविकासको अवसरका सम्वन्धमा :

निजामती सेवामा वृत्ति विकासको अवसरहरुको समानता एवं यसको पारदर्शिताका बारेमा ब्यापक गुनासाहरु प्राप्त हुने गरेको छ । महत्वपूर्ण अवसरको रुपमा रहेको पदोन्नति प्रणालीलाई पूर्वानुमान योग्य (Predictable) बनाउने सम्वन्धमा आवश्यक सुधारको पहल हुनुपर्ने देखिन्छ ।

### ९.४ विशिष्ट श्रेणीमा बढुवाको सम्वन्धमा :

राजपत्रांकित विशिष्ट श्रेणीको सचिव, वा सो सरहको रिक्त पदमा बढुवा गर्न बढुवा समितिले सम्भाव्य उम्मेदवारहरु मध्येबाट उपलब्ध भएसम्म रिक्त पदको तेब्बर संख्यामा सिफारिश गर्नुपर्ने भन्ने निजामती सेवा ऐन, २०४९ को विद्यमान प्रावधानबाट निजामती सेवाको माथिल्लो पदमा बढुवा हुन जेष्ठता र कार्यकुशलतालाई आधार मान्नुपर्ने भन्ने ऐनको उद्देश्य एवं मनसायलाई प्रतिकुल असर पारेको हुँदा त्यस्तो तेब्बर संख्याको सट्टा डेढी संख्यामा उम्मेदवार सिफारिश गर्ने प्रावधान राख्नु न्यायोचित एवं ब्यवाहारोपयोगी देखिन्छ ।